जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २९६ • २०८० साल चैत्र १० गते शनिबार (23 March, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# शर्मा जसपामा जाने माओवादीमा असन्तुष्टि

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तारुढ नेकपा माओवादी केन्द्र परित्याग गरेका नेता रामकुमार शर्मा जनता समाजवादी पार्टी(जसपा) नेपालमा जाने सम्भावना छ।

माओवादीले जिम्मेवारीविहीन बनाएर राखेको आरोप लगाउँदै नेता शर्माले प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्षपुष्पकमल दाहाल'प्रचण्ड'लाई बिहीबार राजीनामा पत्र बुझाएका थिए।

माओवादी केन्द्रमा केन्द्रीय सदस्यमा सीमित रहेका शर्माले जिम्मेवारीका लागि पटक-पटक प्रयास गरेका थिए । तर उनले आश्वासन बाहेक केही पाएनन्।

पार्टीसितको असन्तुष्टिबारे बताउँदै उनले भने, मैले माओवादी पार्टी परित्याग गरिसकेको छु । अबको यात्राबारे अझै निर्णय लिइ नसकेको उनले बताए । 'देशमा ३२ सांसद भएका दलका नेता प्रधानमन्त्री बनेका छन्' उनले भने, मधेश प्रदेशमा मात्र त्यति सिट रहेकाले इमान्दारीपूर्वक मिहिनेत गरिए मधेशी पनि प्रधानमन्त्री बन्ने अवस्था आउने सक्छ।

नेता शर्माले माओवादी छाडे पनि कुन दलमा जाने निर्णय गरिनसकेको बताए । 'जसपासित जोडिन सहज रहेको छ ' उनले भने, विगतमा पनि जसपाका अध्यक्ष



उपेन्द्र यादवसँगै काम गरेकाले अहिले पनि अप्ठ्यारो हुने छैन।

माओवादी परित्याग गर्नु अगावै नेता शर्माले जसपाका अध्यक्ष समेत रहेका उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवसित भेटेका थिए । उपप्रधानमन्त्री नियुक्त भएकोमा बधाई दिन स्वास्थ्य मन्त्रालय पुगेका शर्माले राजनीतिक संवाद गरेको जसपाका एक नेताले बताए।

शर्माले पार्टी परित्याग गरेसँगै माओवादीमा असन्तुष्टिको स्वर सार्वजनिक हुन थालेको छ। सप्तरीका प्रभावशाली नेता एवं पूर्वमन्त्री उमेश यादवले सामाजिक सञ्जाल फेसबुकमा असन्तुष्टि जनाउँदै भनेका छन् , ठोस कार्य विभाजनसहित सबैको उपयुक्त जिम्मेवारी सहितको मुद्दा उठाइराख्नु भएको थियो ,जो सबैको विषय हो । तर,हाम्रो नेताहरुलाइ सुन्ने फुर्सद भएन।'

उनले रामचन्द्र मण्डल ( हाल नेकपा एमाले बाट मधेश प्रदेशको सभामुख ), ज्वाला साह (नेकपा एमाले बाट हाल संघीय मन्त्री' ले पनि पार्टी छाड्नु परेको उल्लेख गरेका छन्।

बाराका रामबाबु यादव, महोत्तरीका बलराम यादव, सप्तरीका महेश प्रसाद यादवले जिम्मेवारी नपाउँदा पार्टी छाडेर महत्वपूर्ण पदमा पुगेको उल्लेख गर्दै उनले अगाडि भनेका छन् , 'पार्टीमा आउने, जाने भइरहन्छ तथा मधेशी जनता ठीक ,मधेशी मूलको नेतृत्व बेठीक ,जनयुद्ध लडेर आएका गवार जस्ता कुरा गरेर समय फाल्दा ज्यान फाल्न हिडेका एवं पार्टीको माया राख्नेहरुको आक्रोशको शिकार हुन नपरोस् ।'

## कांग्रेसले सरकारको समर्थन फिर्ता लियो

# मधेश प्रदेशमा मुख्यमन्त्रीले चौँथो पटक विश्वासको मत लिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले शुक्रवार समर्थन फिर्ता लिएको पत्र प्रदेश सभामुख, प्रदेश प्रमुख र मुख्यमन्त्रीलाई पठाएका छन् ।

प्रदेश सरकारबाट गत सोमवबार कांग्रेसलाई हटाइएको थियो । मुख्यमन्त्री सरोज कुमार यादवले पछिल्लो पटक गरेको मन्त्रिमण्डल पुनर्गठनमा नेकपा एमालेलाई सरकारमा सहभागी गराउँदै कांग्रेसलाई हटाएका थिए।

कांग्रेसका मन्त्रीहरुले राजीनामा नदिएपछि मुख्यमन्त्री यादवले पुनर्गठनबाट हटाएका थिए। सरकारबाट बाहिरिएको पाँचौ दिन कांग्रेसले सरकारबाट समर्थन फिर्ता लिएको छ।

'कांग्रेस संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको हो ' उनले भने, जनता समाजवादी पार्टी(जसपा) नेपालले एमाले लगायतका दलहरुसित गठबन्धन गरेकाले समर्थन फिर्ता लिएको हो।

प्रदेशमा जसपाको नेतृत्वमा सरकार गठन भएदेखि नै नेपाली कांग्रेसले समर्थन दिदै आएको थियो । एमालेसँगको गठबन्धनसहितको सरकार जसपा संसदीय दलका नेता यादवको नेतृत्वमा गठन भएको थियो । प्रथम पटक गठन भएको सरकारमा एमाले र जनमत पार्टीको सहभागिता रहेको



थियो । त्यसपछि मन्त्रिपरिषद् विस्तार हुँदा माओवादी, नेकपा एस र लोसपा पनि सहभागी भएको थियो ।

सरकार भन्दा बाहिर रहेर पनि मुख्यमन्त्री यादवलाई समर्थन गरेको कांग्रेस भने झण्डै ९ महिना पूर्व सरकारमा सहभागी भएको थियो ।

प्रदेश सरकारलाई ढाल्न लोसपा, माओवादी, एमाले, जनमत लगायतले भारतको सुरसण्डमा योजना बनाउँदा पनि कांग्रेस मुख्यमन्त्री यादवको पक्षमा नै उभिएको थियो।

कांगेसले समर्थन फिर्ता लिए पनि सरकार भने संकटमा रहेको देखिदैन । एमालेले सरकारलाई समर्थन गरेपछि सरकारसित पूर्ण बहुमत छ।

केन्द्रमा रहेको संघीय गठबन्धन परिवर्तन भएसँगै प्रदेशहरुमा पनि कांग्रेसलाई सरकारबाट हटाइएको छ । कांग्रेसका प्रदेश प्रमुख रहेका प्रदेशमा अब एमालेका प्रदेश प्रमुखहरु बहाल भइसकेका छन् ।

सरकारलाई सबै भन्दा ठूलो दल एमालेले समर्थन गरेको छ। एमालेबाट संसदीय दलका नेता सरोज कुमार यादव प्रदेश सरकारमा मन्त्री छन्। उनले भौतिक पूर्वाधार विकास मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् । तीनै मन्त्रालय एमालेको भागमा परेको छ । यस अघि कांग्रेसले ती मन्त्रालयहरु सम्हालेका थिए।

जनमत पार्टीले छाडेको शिक्षा तथा संस्कृति र श्रम तथा यातायात मन्त्रालय मुख्यमन्त्री यादवको जिम्मामा रहेको छ ।ती मन्त्रालय मध्ये एउटा एमाले र अर्को माओवादीको भागमा जाने बताइएको छ । तर संघीय गठबन्धनमा निर्णय भइ नसकेकाले मन्त्रालयको बाँडफाँट रोकिएको छ।

कांग्रेसले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले फेरि विश्वासको मत लिनु पर्ने भएको छ । सरकारसित बहुमत रहेपनि संसदीय चलन अनुसार मुख्यमन्त्रीले प्रदेश सभामा बहुमत सिद्ध गर्नुपर्ने हुन्छ।

तराईमा होली सकिएपछि मुख्यमन्त्री यादवले प्रदेश सभामा विश्वासको मत लिने तयारी गरेका छन्। स्रोतहरुका अनुसार आउँदो हप्ता होली परेकाले त्यसपछिको हप्तामा विश्वासको मत लिइने छ । त्यसका लागि संघीय गठबन्धनमा पनि निर्णय हुनुपर्ने भएकाले केही समय लाग्ने स्रोतले जनाएका छन्।

यस अघि मुख्यमन्त्री यादवले गत फागुनमा विश्वासको मत लिएका थिए । उनी तीन पटक विश्वासको मत लिइसकेका छन्। पहिलो र दोस्रो पटक प्रदेश सभाका सबै सभासदहरुले उनको पक्षमा मतदान गरेका थिए। तर तेस्रो पटक विश्वासको मत एमाले र जनमत पार्टीले दिएका थिएनन् । तर पनि सरकारसित सम्मानजनक बहुमत थियो।

मधेश प्रदेशमा सरकारको नेतृत्व फेर्नुपर्ने माग माओवादी र एमालेका सभासदहरुले अझै गरिरहेका छन्। तर संघीय सन्तुलन मिलाउन मधेश प्रदेशमा जसपा नेतृत्वकै सरकार रहनेमा नेताहरु ढुक्क छन्। मधेश प्रदेशको नेतृत्व नपाउँदा नै जनमत पार्टीले प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'लाई विश्वासको मत दिएन। लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले संघीय सरकारमा नरहे पनि प्रदेश सरकारमा सहभागी रहेको छ।







# २५ वर्षपछि राजविराजमा फर्कियो वन निगमको काठ




**टुडे समाचारदाता**

राजविराज । २५ वर्ष पहिले राजविराजबाट हटाइएको काठ विक्री डिपो कार्यालय शुक्रवारदेखि पुनः संचालनमा आएको छ । संघीय वन तथा वातावरण मन्त्री नवलकिशोर साहले राजविराज नगरपालिका ८ मा खोलिएको उक्त कार्यालयको एक समारोह बीच उद्घाटन गरेपछि विधिवत संचालनमा आएको छ।

उनकै पहलमा उक्त कार्यालय पुनः संचालनमा ल्याइएको हो । उद्घाटनकै दिन शुक्रवार उक्त डिपोबाट १ लाख भन्दा बढीको काठ बिक्री भएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सुभाष दासले जानकारी दिएका छन् । काठ किन्ने पहिलो ग्राहक रहेका राजविराज नगरपालिका १३ विषयहरियाका पाण्डु रजकलाई मन्त्रि साहले स्वयं बिल हस्तान्तरण गरेका थिए। सो अवसरमा मन्त्रि साहले यस क्षेत्रका जनताको २५ वर्षको पर्खाइ पुरा भएको भन्दै नेपाल सरकारको मातहतमा रहेको नेपाल वन निगम लिमिटेडको काठ विक्री डिपो कार्यालय संचालन भएपछि सर्वसाधारणले राहात पाउने विश्वास व्यक्त गरे।

'कार्यालय संचालन भएपछि काठ आपूर्तिमा सहजताका साथै बाहिर जानु पर्ने अवस्थाको अन्त भई यहीबाट सुलभ र सुपथ मूल्यमा सर्वसाधारणले काठ पाउने भएका छन् , मन्त्रि साहले भने-'नेपालको वन व्यवस्थापन गरेर काठ दाउराको सहज आपूर्ति गर्ने, रोजगारी सिर्जना गर्ने, वन उत्पादन प्रवर्द्धन गर्ने लगायतका काममा सबैको साकारात्मक सहयोगको अपेक्षा गरेका छौ ।'

मन्त्रीको पदभार ग्रहण गरेपछि पहिलो पल्ट गृह जिल्ला आएका उनले आफूलाई जनताको सेवक भएको बताउँदै सेवा गर्ने उद्देश्यले नै मन्त्रि पदको जिम्मेवारीमा पुगेको बताए । २५ वर्ष अघि तत्कालिन मन्त्रि एवम् मधेशवादी नेता गजेन्द्र नारायण सिंहको पालामा यहाँ वन मन्त्रालयले काठ बिक्री डिपो कार्यालय संचालनमा ल्याएको थियो ।तर उनी पदबाट हटेपछि उक्त डिपो कार्यालय सिराहाको लहान सारिएको थियो ।

# निर्माणाधीन अवस्थामा रहेको सडक र पुलको निरीक्षण



**टुडे समाचारदाता**

जनकपुरधाम । उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले आफू जितेको धनुषा निर्वाचन क्षेत्र-४ मा निर्माणाधीन अवस्थामा रहेको सडक र पुलको शुक्रबार निरीक्षण गरेका छन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्मासहितका सात सदस्यीय टोलीसहित उपप्रधानमन्त्री महासेठले धनुषा निर्वाचन क्षेत्र नं. ४ को मिथिला नगरपालिका -११ बाहुनमारा, लालगढ, माथिल्लो र तल्लो तुल्सी, महेन्द्र नगरसहितको स्थानमा निरीक्षण गरी जनतालाई आवश्यक पर्ने सडक पुलको बारेमा अध्ययन गर्दै निर्माणाधीन अवस्थामा रहेको सडक र पुलको अवस्थाबारेमा जानकारी लिएका छन्।

निरीक्षणको क्रममा उनले निर्माण काम स्थगित रहेका सडक र पुलको निर्माण कार्यलाई तीव्रता दिन टोलीमा रहेका सदस्यलाई निर्देशन दिए । उनले लामो समयदेखि निर्माणको कामले गति नपाएको भन्दै बजेटको अभावमा निर्माण काममा रोकिएका आयोजनाका लागि आउँदो बजेटमा बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता समेत व्यक्त गरे।

उनले हरिहरपुरदेखि महेन्द्र नगरसम्मको सडकको स्थलगत निरीक्षण गर्ने क्रममा सडकको अभावमा जनताले विभिन्न खालका समस्या भोगिरहेको भन्दै सरकारले भौतिक पूर्वाधार निर्माणको कामलाई प्राथमिकतामा राखेर कामकाजलाई अगाडि बढाएको बताए।

उनले गत चार वर्ष अगाडि आफूले शिलान्यास गरेका सडकको काम अझ अधुरो रहेकोप्रति चिन्ता व्यक्त गर्दै शिलान्यास गरिएका सबै सडकको काम चाँडै पूर्णता पाउनेमा विश्वास व्यक्त गरे । मन्त्री महतोले धनुषा निर्वाचन क्षेत्र ४ को विभिन्न स्थानमा निरीक्षण गरिरहँदा आम नागरिकले सो क्षेत्रमा भोग्दै आएका समस्या र तीनका निदानका लागि गर्नुपर्ने कामबारेमा मन्त्री महासेठलाई जानकारी दिए।

मन्त्री महासेठले शुक्रबार नेपाल रेल्वेको बर्दिबासस्थित निर्माण हुन लागेको स्टेसनको समेत स्थलगत निरीक्षण गरे । मन्त्री महासेठको टोलीमा सडक विभागका महानिर्देशक सुनिलबाबु ढकाल, सहसचिव अर्जुन अर्याल, सहसचिव प्रेम खत्री, रेल विभागका महानिर्देशक रोहितकुमार विसुराल, सडक डिभिजन कार्यालय जनकपुरधामका प्रमुख अरुणकुमार कर्ण, हुलाकी सडक आयोजना कार्यालय जनकपुरधामका प्रमुख कृष्णकुमार महतोसहितका रहेका थिए।

शुक्रबार उपप्रधानमन्त्री महासेठलाई धनुषाको क्षिरेश्वरनाथ नगरपालिका महेन्द्रनगरसहित धनुषाको विभिन्न स्थानमा आम नागरिक र नेता कार्यकर्ताले स्वागत सम्मान गरेका थिए।

# मधेश प्रदेशका ४५ प्रतिशत आमाले स्तनपान गराउँदैनन्

**टुडे समाचारदाता**

जलेश्वर । आमाको दुध सर्वोत्तम आहार मानिन्छ। यसको महत्व दर्शाउन अमृतधारा, प्रकृतिको अमूल्य उपहार जस्ता शब्दावलीको प्रयोग गरेको पाइन्छ। चिकित्सकहरुले स्वस्थ्य समाज निर्माणका लागि जन्मेको एक घण्टाभित्र र ६ महिनासम्म आमाको दुध खुवाउन अनिवार्य गरेका छन् ।

तर स्तनपानको दृष्टिले मधेशका आमाहरु भने आफ्नै सन्ततिप्रति निर्मम देखिएका छन् । मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका पोषण शाखा प्रमुख विनोद यादवका अनुसार जन्मेको एक घण्टाभित्र मधेश प्रदेशका ४५ प्रतिशत आमाले स्तनपान गराउँदैनन् भने पूर्ण स्तनपान (जन्मेको ६ महिनासम्म) नगराउने आमाको संख्या ३५ प्रतिशत पुगेको छ।

स्तनपान नगराउने प्रवृत्ति अनेकन स्वास्थ्य समस्याको कारण बनेको र आर्थिक सामाजिक दृष्टिले पनि यो प्रत्युत्पादक भएको शाखा प्रमुख यादवले जनाए । युनिसेफकी पोषण अधिकृत सुमी मास्केले ६ महिनासम्म पनि आमाको दुध खुवाउने हो भने बाल मृत्युदर २० प्रतिशतसम्म घटाउन सकिने जनाए। आमाको दुध वातावरण मैत्री, सम्पूर्ण आहार र रोग प्रतिरोधका लागि पहिलो खोपसमेत भएकोले स्तनपानको पूर्ण पालनाले बट्टाको दुधमा खेर



गइरहेको अर्बौं रुपैयाँ बचत हुने तथ्याङ्क प्रस्तुत गरे।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को प्रतिवेदन अनुसार स्तनपान नगराउने प्रवृत्ति अशिक्षितभन्दा शिक्षित र गाउँभन्दा सहरका आमामा बढी देखिएको छ। आमाहरुका लागि अज्ञानता, कार्यव्यस्तता, जागिर जस्ता चाहेर पनि स्तनपान गराउन नसकिने बाध्यात्मक अवस्था त छँदैछन् त्योभन्दा पनि बट्टे दुधप्रतिको भ्रमित विश्वासले पूर्ण स्तनपान नगाराइएको अवस्था टड्कारो समस्या भएको उनले बताए।

मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका पोषण शाखा प्रमुख विनोद यादवले प्रतिवेदन उद्धृत गर्दै मधेश प्रदेशमा १२ प्रतिशत बालबालिकालाई दुधदानी (बोटल फिडिङ) बाट दुध खुवाउने गरिएको छ। बट्टे दुधको आकर्षक विज्ञापनको भ्रममा परेर बिचमै आमाको दुधको साटो दुधदानीमा पाउडर दुध ख्वाउने प्रवृत्ति चुनौतीका रुपमा देखिएको छ। यो प्रवृतिलाई निरुत्साहित गर्न मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले युद्ध स्तरमा अभियान सञ्चालन गरेको पोषण शाखा प्रमुख यादवको दाबी छ।

> मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका पोषण शाखा प्रमुख विनोद यादवले प्रतिवेदन उद्धृत गर्दै मधेश प्रदेशमा १२ प्रतिशत बालबालिकालाई दुधदानी (बोटल फिडिङ) बाट दुध खुवाउने गरिएको छ । ब` दुधको आकर्षक विज्ञापनको भ्रममा परेर बिचमै आमाको दुधको साटो दुधदानीमा पाउडर दुध ख्वाउने प्रवृत्ति चुनौतीका रुपमा देखिएको छ । यो प्रवृतिलाई निरुत्साहित गर्न मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले युद्ध स्तरमा अभियान सञ्चालन गरेको पोषण शाखा प्रमुख यादवको दाबी छ ।

नेपालले 'आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुको (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली २०५१ लागु गरेको छ। यसको प्रभावकारी कार्यान्वियन र आमाको दुध प्रतिस्थापन गर्ने वस्तुको नियमनलाई कडाई साथ पालना गर्न गराउन निर्देशनालयले दक्ष जनशक्ति परिचालत गर्ने जनाएको छ । यसका लागि निर्देशानालयले उक्त ऐनको सघन कार्यान्वयनका लागि बर्दिबासमा बिहीवारदेखि ३ दिने क्षमता अभिवृद्धि अभिमुखीकरण सुरु गरेको छ।

कार्यक्रममा ८ वटै जिल्लाका स्वास्थ्य प्रमुख, पोषण फोकल पर्सनहरु, २० पालिकाका स्वास्थ्य शाखा प्रमुखहरु पोषणसम्बन्धी काम गर्ने युनिसेफ, वर्ल्ड भिजन, सेभ द चिल्ड्रेन, विश्व स्वास्थ्य सङ्गठनसमेत ६० जनाको सहभागिता छ । कार्यक्रमका प्रमुख प्रशिक्षक एव कानुनविद् सिंह ऋषि काफ्लेले 'आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुको (विक्री वितरण नियंत्रण) ऐन, २०४९ र नियमावली २०५१ को प्रभावकारी कार्यान्वयका लागि अवलम्बन गर्नु पर्ने विधिसम्मत प्रक्रियाबारे विस्तृत प्रशिक्षण दिए।

"कानुनको प्रभावकारी कार्यान्वयन र सचेतीकरण अभियानले सन् ३० सम्म यो लक्ष्य पूरा गर्न सहयोग पुग्ने विश्वासाथ मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले यस्ता कार्यक्रम अघि बढाएको हो," पोषण शाखा प्रमुख विनोद यादवले भने।

# प्रिस्कूल दिक्षान्त समारोह सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशकै ख्यातिप्राप्त मोनाष्टिक स्कुलले मोनाष्टिक प्रिस्कूल दिक्षान्त समारोह भव्यताका साथ सम्पन्न गरेको छ।

दिक्षान्त समारोहको रमाइलो उत्सवमा २०५ जना छात्रछात्राहरूले आ-आफ्नो प्रारम्भिक शिक्षा यात्रामा महत्त्वपूर्ण कोशेढुङ्गा चिन्ह लगाएका हुन्।

युकेजी कक्षाका छात्रछात्राहरूले मञ्चमा आफ्ना प्रतिभाहरू प्रदर्शन गरेका थिए । उनीहरूले सांस्कृतिक नृत्य तथा आकर्षक नाटकहरूसमेत प्रदर्शन गरेका थिए।

स मा रो ह ले शैक्षिक उपलब्धिहरूमा मात्र नभई मोनाष्टिक प्रिस्कूलमा विविध सीप र रचनात्मकतालाई पनि जोड दिएको थियो।

कार्यक्रममा पिजी कक्षादेखि युकेजी कक्षासम्मका विद्यार्थीहरूले प्रमाणपत्रसमेत प्राप्त गरे।

समारोहमा विद्यालयका प्रिन्सिपल र निर्देशक डा.शिखा नायक, प्रबन्ध निर्देशक डाक्टर सोनु कुमारलगायत विद्यार्थीहरूको उल्लेख्य सहभागीता रहेको थियो।


**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाई, सिराहा**
**धनगढीमाई नगरपालिका-१० मधेश प्रदेश, नेपाल**

**च्याप कट्टर खरिद सम्बन्धी बोलपत्र आव्हान बारे सच्चाइएको सुचना**

यस परियोजना कार्यान्वयन एकाई कार्यालयको मिति २०८०/१२/०९ गते प्रकाशित सूचनाको शर्तहरुको सि.नं. २ मा रितपुर्वक भरिएको बोलपत्र फाराम प्रथम पटक प्रकाशित मितिको ३२ (बत्तीस) औं (२०८१/०१/१०) दिनको १२:०० बजे सम्म दर्ता गरिसक्नु पर्ने हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्चाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : धन वृद्धि सञ्चय। |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : वाद विवादबाट बच्नु। |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : शिक्षामा उन्नति। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फयुज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सडकमा माछा फालेर विरोध



**टुडे समाचारदाता**

मलंगवा । चर्को विद्युत् महसुल असुलेको भन्दै सर्लाहीका माछा किसान आन्दोलित भएका छन् । आन्दोलित किसानले शुक्रबार पूर्वपश्चिम राजमार्गस्थित फुलजोर चोकमा सडकमै माछा फालेर विरोध गरेका छन् ।

गाउँगाउँबाट जम्मा भएका किसानले करिब पाँच क्विन्टल माछा सडकमा फालेका थिए ।

माछाखेती गर्ने किसानलाई विद्युत् प्राधिकरणले औद्योगिक मिटरअनुसार शुल्क असुलेर ढाड सेकेको किसानको आरोप छ ।

विद्युत् प्राधिकरणले सुरुमा कृषि मिटर भनेर जोडिदिएको भए पनि अहिले चर्को शुल्क लिने गरेको ईश्वरपुर नगरपालिका-३ भक्तिपुरका माछा किसान लक्ष्मीप्रसाद लामिछानेले बताए ।

किसानलाई माछापालन गर्न नसक्ने गरी प्राधिकरणले विद्युत् महसुल असुलेको उहाँले भनाइ छ । "किसान यसै पनि सङ्कटमा छन्", उनले भने, "त्यसमाथि चर्को विद्युत् शुल्क किसानले कहाँबाट तिर्ने ?"

आफूहरुले पटकपटक सम्बन्धित निकायमा ध्यानाकर्षण गराउँदासमेत सुनुवाइ नभएको भन्दै सरकारले किसानमा विभेद गरेको रामनारायण सहनीले बताए । धान, मकैखेती गर्ने किसानलाई कृषि मिटर दिने प्राधिकरणले माछापालन बढोस् भन्ने नचाहेको आन्दोलित किसानको गुनासो छ । सरकारले एकातिरबाट पोखरी खन्न अनुदान दिएर उस्काउने र अर्कोतर्फबाट विभिन्न शुल्क असुल्ने गरेको सहनीको भनाइ छ । जिल्लाको ईश्वरपुर तथा हरिपुर्वा नगरपालिका, चन्द्रनगर र पर्सा गाउँपालिकालगायत ठाउँमा ठूलोमात्रामा माछापालन हुँदै आएको छ ।

यसरी माछापालनबाट आत्मनिर्भर हुन खोजेका किसानलाई पलायन गर्नेगरी विद्युत् महसुल लिने तथा जरिवानाका नाममा मर्कामा पर्ने गरेको माछा किसान राजु मण्डलले बताए । उनका अनुसार जिल्लामा उत्पादन भएको माछा देशका ठूला व्यापारिक केन्द्रसम्म पुग्ने गरेको छ ।

माछा किसानमाथि विद्युत् महसुलका कारण भएको अन्याएकाविरुद्ध आफूहरु सशक्त ढंगले लाग्ने ईश्वरपुर नगरपालिकाका प्रमुख मनोजकुमार आचार्यले बताए ।

नगरले कृषि मिटरमा किसानका लागि राहत दिने तयारी गरिरहँदा प्राधिकरणले चर्को शुल्क असुलेको उनको आरोप छ ।

सरकारले किसानका पक्षमा तत्काल निर्णय गर्नुपर्नेमा उनले जोड दिए । खुला सीमाका कारण भारतीय माछा नेपाली हाट बजारमा छ्यापछ्याप्ती हुने गरेका छन् ।

यसबाट नेपालका माछा किसान सधैँ मर्कामा पर्ने गरेका नगरपालिकाका पूर्वप्रमुख मनोजकुमार देवकोटाले बताए ।

माछा किसानलाई अनुदानलगायतको व्यवस्था र विद्युत्मा सहुलिएत दिएर सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

# होली मिलन समारोह



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको उद्योग वाणिज्य तथा पर्यटन मन्त्रलयले होली मिलन समारोह तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

जनकपुरधाममा शुक्रबार आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले असत्यमाथि सत्यको बिजय भएकै कारणले हिन्दू धर्मावलम्बीहरुले आफ्नो ऐतिहासिक धार्मिक सांस्कतिक महत्वलाई जीवन्त राख्नका लागि होली मनाइने गरेको बताइन् ।

उनले अहिलेको युगमा होली पर्वमा देखिने गरेको विकृतिलाई रोक्नुपर्ने धारणासमेत व्यक्त गरिन् । अहिलेको अवस्थामा मानव धर्म र मानवले गर्नुपर्ने कर्म सही वा गलत हो भन्ने ठम्याउनु पर्ने भन्दै मन्त्री यादवले सहीलाई ठम्याउनु सक्नु नै सत्य रहेकाले यसप्रति आमजन सचेत रहनुपर्ने बताइन् ।

उनले होलीको अवसरमा मन्त्रालयका सम्पूर्ण कर्मचारीहरु एकआपसमा भाइचाराको रुपमा समन्वय र सहकार्यसहित मन्त्रालयको कामकाजलाई प्रगतितर्फ डोऱ्याउनका लागि आग्रह गरिन् ।

मधेश प्रदेशका पूर्व प्रदेशसभा सदस्य दिलीप साहले होली पर्वले विगतको परम्परा र मर्यादालाई बेवास्ता गरी अहिलेका पुस्ताहरु होलीलाई विकृति विसंगतिको रुपमा मनाउन थालिएकोले होलीको मौलिकता, संस्कृति, परम्परालाई कायम राख्दै संरक्षण, संवर्द्धनसहित विकास गर्नुपर्ने बताए । यसले समाजमा बढ्दो विकृति विसंगतिको पनि अन्त्य गर्ने निश्चित रहेको उनले बताए ।

सो मन्त्रालयका सचिव सुशील कुमार साहले आफ्ना मातहतका कर्मचारी अधिकारीहरुलाई समेत होलीको शुभकामना दिँदै विकृति विसंगति र गलतको विरुद्धमा सत्यको जित भएकाले यस पर्वमा सबैले सत्यमार्गमा अघि बढ्नुपर्ने बताए ।

कार्यक्रममा मन्त्रालय मातहतका प्रदेश पर्यटन विभागका अधिकारी, आठ वटै जिल्लाका पर्यटन कार्यालयका प्रमुख, घरेलु साना तथा उद्योग कार्यालयलगायतका प्रमुखसमेतको सहभागिता रहेको मन्त्रीका स्वकीय सचिव रामानन्द यादवले जानकारी दिए ।

# बोध दिवसमा दहेजमुक्त सामूहिक विवाह सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम । सतलोक आश्रमले धनुषामा सन्त गरिब दासको बोध दिवस विविध कार्यक्रम गरी मनाएको छ । सो अवसरमा करिब एक दर्जन जोडीको दहेजमुक्त विवाह सम्पन्न गरिएको छ ।

धनुषाको मिथिला नगरपालिका- २ स्थित बेलाचापीमा सतलोक आश्रममा आयोजित दुई दिवसीय सन्त गरिबदासजी महाराजको बोध दिवसको अवसरमा ९ जोडीको निःशुल्क तथा दहेजमुक्त विवाह सम्पन्न गरिएको सतलोकपाल आश्रमका मिडिया संयोजक रोशन कर्णले जानकारी दिए ।

दुई दिनसम्म चलेको सो बोध दिवसको अवसरमा बुधबार अमर ग्रन्थको अखण्ड पाठ पठन गरिएको थियो भने भोग आरती गरी बिहीबार सम्पन्न गरिएको थियो ।

दिवसका अवसरमा नेपाल, भारत, भुटान, जापान, अमेरिका, अस्ट्रेलियालगायतका विभिन्न मुलुकबाटसमेत श्रद्धालुहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

आश्रमका मिडिया संयोजक कर्णले जनाए अनुसार समाजलाई दाइजो, कुलत दुर्व्यसन, भ्रष्टाचार जस्ता विकृतिहरुबाट मुक्त गराइ यथार्थ अध्यात्मिक मार्ग प्रदान गर्नु नै सन्त रामपालजीको मुख्य उद्देश्य रहेको छ ।

# पर्सा प्रहरीद्धारा पहिलो पटक तस्कर रुन्चेलाई कारवाहीको माग

टुडे समाचारदाता

वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय पर्साले राजश्व छली गरेको अरोपमा मदन रुन्चेलाई कारवाहीको माँग गरेको छ । प्रहरीले बिहिबार बरामद गरेको कपडामा मदन रुन्चे भन्ने मदन गुप्तालाई समेत कारवाही गर्न मांग गर्दै बीरगंज भन्सारलाई प्रतिवेदन बुझाएको छ ।

प्रहरीले बरामद गरिएका राजश्वछली सम्बन्धि समानहरु मात्र बुझाउने गरेपनि प्रहरीको अनुशन्धानका प्रक्रियामा परिवर्तन आएको छ ।जिल्ला प्रहरी कार्यालय पर्साको प्रमुखमा प्रहरी उपरिक्षक कुमोध ढुंगेल आएपछि पहिलो पटक प्रहरीले समान सहित कारोवारीलाई समेत कारवाहिको मांग गरिएको हो । प्रहरीले बिगतमा करोडौको समानहरु बिभिन्न गोदामबाट बरामद गरेपनि कारोवारीहरुलाई उनमुक्ति दिने वा अनुशन्धान अधुरो गर्ने चलन थियो ।

यसपटक वीरगन्ज भन्सार कार्यालयमा बिझाइएको समान सहितको प्रतिवेदनमा बीरगंजका मदन रुन्चेको नाम उल्लेख गर्दै कारवाहीको मांग गरिएको छ ।

तस्करीको खुलेआम लाइन चलाउने वीरगन्जका नामुद तस्कर मदुन रुन्चे जुन सकुै सत्ता र प्रशासक वीरगन्ज आएपनि उनको अबैध कारोवारी नरोकिने भाष्यमा पहिलो पटक परिवर्तन देखिएको हो ।



पर्सा प्रहरीको यो कदमलाइ वीरगन्जबाट हुने तस्करीको लाइन चलाउने कारोवारीहरु बिच ठुलो तरंग उत्पन्न भएको छ ।

पर्सा प्रहरीले ट्रान्सपोर्टका सञ्चालक मदन गुप्ता माथि भन्सार चोरी पैठारी सम्बन्धी कसुर अन्तर्गत कारबाहीको माग गर्दै प्रतिवेदन बुझाए हो ।

पर्सा प्रहरीको प्रतिवेदनमा गुप्ताले सञ्चालन गरेको ट्रान्सपोर्टबाट तस्करीका कपडा बरामद भएको उल्लेख गर्दै फर्ममाथि राजश्व सम्बन्धि आवश्यक कारबाहीको माग गरिएको प्रहरी प्रवक्ता कुमार विक्रम थापाले बताउनु भयो ।

'गुप्ताको ट्रान्सपोर्टमा हामीले छापामारी गऱ्यौं,राजश्व छली गरेर भण्डार गरिएको ठुलो मात्रामा तस्करीका कपडा बरामद भएको छ' पर्सा प्रहरी प्रवक्ता कुमार बिक्रम थापाले भन्नु भयो "हामीले मुचुल्कामै उठाए अनुसार नै, गुप्ता र उनले संचालन गर्दै आएको फर्ममाथि आवश्यक कारबाहीको माग गर्दै सबै कागजात बीरगन्ज भन्सार कार्यालयमा बुझाएको छौं ।' भन्सार चोरी पैठारी सम्बन्धी कसुर अन्तर्गत कारबाहीको माग गरिएको उपरिक्षक थापाको भनाइ थियो ।

प्रहरीको टोलीले गएराती जय माँ दुर्गा रोड कैरियर ट्रान्सपोर्ट छापामारी ठूलो परिमाणमा तस्करीको कपडा बरामद गरेको थियो ।

ट्रान्सपोर्टमा गरेको छापामारीबाट १८ लाख मूल्य बराबरको कपडा बरामद भएको प्रहरी भनाइ छ ।

आर्दशनगरस्थित गोविन्द वर्णवालको घर भाँडामा लिएर सञ्चालन गरिएको जय माँ दुर्गा रोड कैरियर ट्रान्सपोर्टबाट तस्करीका १३ पोका कपडा बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# परिक्रमावासीलाई निःशुल्क प्राथमिक उपचार



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको महाकुम्भ मानिएको धार्मिक तथा ऐतिहासिक महत्वको १५ दिने मिथिला माध्यमिकी परिक्रमा अन्तर्गत पैदल परिक्रमावासी औरहीमा विश्राम गर्दै शनिबार नेपाल-भारतको सीमावर्ती क्षेत्र अवस्थित करुणा पुग्ने छन् ।

औरहीमा शुक्रबार विश्राम गरेका पैदल परिक्रमावासीलाई स्थानीयस्तरमा निःशुल्क स्वास्थ्य शिविरको माध्यमबाट सयौँको स्वास्थोपचारसहित औषधिसमेत वितरण गरिएको छ ।

वाइसीएल औरही गाउँपालिका कमिटीले आयोजन गरेको निःशुल्क स्वास्थ्य शिविरमा ९५९ जना परिक्रमावासीलाई समेत प्राथमिक उपचारसहित निःशुल्करुपमा विभिन्न औषधिहरु वितरण गरिएको वाइसीएल मधेश प्रदेशका इन्चार्ज अनिल पासमानले जानकारी दिए ।

सो शिविरमा वाइसीएल औरही गाउँपालिका कमिटीका अध्यक्ष गौरी मण्डल, उपाध्यक्ष रामचन्द्र दास, सचिव संजिव शर्मा, रजाक नदाफ र डा.पूर्णप्रताप साह, अनन्या क्लिनिकका प्रतिनिधि, विन्देश्वर ठाकुरलगायतकाहरुले निःशुल्क स्वास्थ्य शिविरको व्यवस्थापन तथा परिक्रमावासीलाई स्वागतसमेत गरेका थिए ।

# अहिलेको सत्ता समिकरण स्वार्थ समुहको झुण्ड : राप्रपा अध्यक्ष लिङ्गदेन



**टुडे समाचारदाता**

राजविराज । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्गदेनले अहिलेको सत्ता समिकरण स्वार्थ समुहको झुण्ड मात्र रहेको भन्दै यसबाट मुलुकको समस्या समाधान न हुने बताएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सप्तरीद्वारा शुक्रवार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो बताएका हुन् । जसरी भएपनि सत्तामा पूग्न र सत्ता टिकाउनका लागी बर्तमान गठबन्धन बनेको भन्दै उनले यसका बारेमा आफुहरुले पहिले पनि टिप्पणी गरीसकेको बताए ।

यस अघि पछिल्लो संसदीय निर्वाचन लगतै बनेको सरकारमा विकास, सुशासन र स्थिरता हासिल हुन सकोस भनी निती सिद्धान्त न मिल्दा पनि आफुहरु सरकारमा केही समयका लागी सहभागी भएपनि सोचे जस्तो लक्षण न देख्दा बाहिरीएको स्पष्ट पारे ।

मुलुक धर्मनिरपेक्षताका कारण हिन्दु धर्ममाथी निरन्तर विभिन्न वहानामा प्रहार भइरहेको बताउदै उनले मधेश प्रदेशमा पनि त्यसको असर देखिएको दाबी गरे । मुलुकको अवस्था हेरेर नियोगको रुपमा रहे पनि राजसंस्था आवश्य रहेको बताउँदै उनले त्यसका लागी पार्टीले अघि सारेको निती समय सापेक्ष देखिन थालेको जिकिर गरे । आफुहरुका लागी सरकारमा जानेका कुरा प्राथमिक्ताको विषय न रहेको कुरा प्रष्ट पार्दै उनले आन्दोलनलाई अगाडी बढाउने अभियान जारी रहेको उल्लेख गरे ।

गृहमन्त्री रवीलामिछानेको विषयमा अहिले उठेको प्रश्नको बारेमा राखिएको जिज्ञासामा अध्यक्ष लिङ्गदेनले प्रश्न उठिसकेपछि त्यसको टुङ्गो नलागे सम्म गृहमन्त्रीले राजीनामा दिएर मार्ग प्रशस्त गर्नु नै उत्तम हुने विचार ब्यक्त गरे ।

मिथीलाको पाग पहिरीएर पत्रकार सम्मेलनमा उपस्थित भएका उनले संघियताका लागी मधेशले ठूलो बलिदान गरेपनि सत्ता स्वार्थका कारण संघियताको प्रत्याभुती मधेशी जनताले गर्न न पाएको टिप्पणी गरे । उनले राप्रपाद्वारा काठमाण्डौमा हुन लागेको विशाल जनप्रर्दशनमा सहभागी हुन मधेशका जनतालाई निम्तो दिन पनि आफुहरु आएको बताए ।

राप्रपाका जिल्ला अध्यक्ष उम्मदेश्वर साहको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा राप्रपाका केन्द्रिय उपाध्यक्ष बुद्धिमान तामाङ्ग, रविन्द्र मिश्र, महिला संगठन विभाग प्रमुख कुमारी तामाङ्ग, प्रशिक्षण विभाग प्रमुख खुश्वु ओली, मधेश प्रदेश कमिटी सदस्य विनोद कुमार पाण्डे लगायतको उपस्थिती रहेको थियो ।

# दोहरो नागरिकतामा साहबुद्दिनलाई उपस्थित हुन उच्च अदालतको आदेश

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा जिल्लामा जनप्रतिनिधिहरुकै संलग्तामा बनेका किर्ते नागरिकता प्ररकण बल्झिदै गएको छ ।एक दशक भन्दा बढी देखि चल्दै आएको राजेसमान सिह भर्सेज महमद साहबुदिन बिचको नागरिकता प्रकरण एक पछि अर्को कोल्टे लिएको छ । किर्ते नागरिकता नगरप्रमुख राजेशमान सिह बिरुद्ध जाइलागेका नेपाल कांग्रेसका क्षेत्रिय अध्यक्ष महमद साहबुद्दिनको किर्ते नागरिकता सम्बन्धि मुद्दा उच्च अदालतमा पुर्नावलोकन हुने भएको छ । उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जले उनी लगायत उनका परिवारको नागरिकताको मुद्दामा महम्मद साहबुद्दिनलाई उच्च अदालतमा उपस्थित हुन आदेश दिएको छ । उच्च अदालतका न्यायाधीशद्वय दिपेन्द्र बहादुर बम र मोहनराज भट्टराईको सयुँक्त इजलासले दोहरो नागरिकता सम्बन्धि मुद्दामा महम्मद साहबुद्दिन सहित उनका परिवारजनलाई उपस्थित हुन आदेश जारी गरेको हो ।

क्षेत्रीय अध्यक्ष महमद साहबुद्दिन बिरुद्ध नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दामा उनका बुवा भारतीय नागरिक भएको भन्दै नागरिकता बदरको मांग सहित आवश्क कार्यवाहिको मांग गरिएको छ । भारत बिहार राज्य पश्चिम चम्पारण जिल्ला सिकारपुर थाना मौजे बिनबलिया घर भई हाल वीरगञ्ज महानगरपालिका ३ बस्ने सुलेमान खाँको छोरा मंसुर शेष भन्ने मंसुर खाँ, उनकी श्रीमती हमिदा वेगम, छोरा महमद साहबुद्दिन भन्ने साहबुद्दिन खाँ, साहबुद्दिनको श्रीमती नजमा बेगम र कान्छा छोरा महमद मुर्तुजा भन्ने गुड्डु खाँलाई मुद्दामा प्रतिवादी बनाउदै नागरिकता बदरको मांग गरिएको छ ।

महमद साहबुदिनले झुटा विवरण पेश गरी दोहोरो नागरिकता लिएको मुद्दामा उच्च अदालतले व्यानको लागी आदेश जारी गरेको हो । साहबुद्दिन समेत उनका परिवारले झुठो विवरण पेश गरि बंशजको आधारमा नेपाली नागरिकता लिन सफल भएको भन्दै जिल्ला अदालतमा मुद्दा दायर भएको थियो ।

यस अघि जिल्ला अदालत पर्साले गत पुष २४ मा आरोप प्रमाणीत हुन प्रमाण नपुगेको भन्दै महमद साहबुद्दिनलाई सफाइ दिदै बादिको मागदाबि बदर गरेको थियो ।सो मुद्दामा जिल्ला सरकारी वकिलको कार्यालयले पुर्नावलोकनको लागी उच्च अदालतमा मांग गरेपछि अदालतले व्यानको लागी आदेश जारी गरेको हो ।

साहबुद्दिनसहित परिवारैले झुठो विवरण पेश गरी लिएको नागरिकता खोरेज हुनुपर्ने दावि सहित दायर रिटमा वादी तर्फको दावी सुन्दै उच्च अदालतले प्रतिवादीलाई कानुन बमोजिम म्याद जारी गरि उपस्थित गराउन आदेश दिएको छ ।


## हार्दिक शुभकामना




आज ८०औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रभाकर प्रसाद साह
उपसभापति

एवं

तारा चन्द्र प्रसाद साह
सभापति

श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)
मिल्स एरिया जनकपुरधाम–१ परिवार

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## 'होलि छै'

धर्ती रंगल आ आसमान मे सजल रंगोलि छै ।
होलि छै भाई होलि छै ,
प्यार भरल रंगोलि छै।
फगुवा गाबैला गाम-गाम आ सहर - सहर मे बनल
अनेको टोलि छै ।होलि छै भाई होलि छै ।
प्यार भरल रंगोलि छै ॥
कल-कल करै छै ।
खल-खल हँसै छै ।
रंग मे सब भिग क
पल - पल कटै छै फगुवा मे सब झुम क
होलि छै भाई होलि छै , प्यार भरल रंगोलि छै ॥
होलिका जरै छै ।
रघुविरा हँसै छै ।
राधा के संग कृष्ण , सिया के संग राम होलि खेलै छै ,
रैच - रैच क
गामक वर्ग - बुजुर्ग सब केने खुब सोर छै ।
ओल , परोल, तिलकोरक तरुवा
नसा मे एत तारक तारी और भाङ छै ।
होलि छै भाई होलि छै ।
प्यार भरल रंगोलि छै ॥



**लेखक : करन मण्डल ( शिवदेव)**
**ठेगाना : धनुषा जिल्लाको हंसपुर न.पा., टोल मोरहा**

## ।। होली ।।

हो खेलैय होली हो खेलैय होलि
दोहा कतार मे दोहा कतार मे
मधेशी बासी खेलैय होली दोहा
दोहा कतार मे
किन का हाथे रंग हे अबिर
हो किनका हाथे गजब होली
दोहा कतार मे दोहा कतार मे
मधेशी भैया खेलैय होली दोहा कतारमे
कोन तालपे ढोलक बाजे कोन
ताल मजिरा कोन तालपे माया नाचे
कोन ताल जोगीरा भैया सररररर
भैया सरररररररररर भैया सररररर
रे भैया सररररर रे भैया सरररररररर
कुर्सी के भाग भन्डा भेलै कंगाल भेलै देश
जनता सब बेरोजगार भेलै जाई छै खाडी देश
जोगीरा सररररररर जोगीरा सरररररररर
वाह भाई वाह वाह खेलाडी वाह
जोगीरा सररररर जोगीरा सररररर
हो खेलैय होली हो खेलैय होली
दोहा कतार मे दोहा कतार मे मधेशी
बासी खेलैय होली दोहा कतार मे
सरररर रे भैया सरररररररररर
जोगीरा ताल न टुटे जोगीरा ताल न
टुटे वाह भाई वाह वाह खेलाडी वाह
जोगीरा सररररर जरा सरररररररर



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार. दोहा कतार**

## ।। हमर मिथिला धाम ।।

जतके भाषा आउर संकृति अइछ महान
ओहे अइछ हमर मिथिला धाम।
जतके भाव स्वभाव अइछ महान
इहे अइछ हमर मिथिला धाम।
जत भोर भिन्सर कुहके कोइल
कुहके खेतमे किसान
जत बहे पिपल गाछक ठन्डा हावा
ओहे अइछ हमर मिथिला धाम।
जत सुर्य किरन संग हसैत अइछ
कमला कोशी आ बलान।
जत के प्यारि अइछ जनक दुलारी
ओहे अइछ हमर मिथिला धाम।
जे देवि देवता के भुमी रहल
जतके पाहुन अइछ श्री राम।
जत राज केला राजा जनक
ओहे अइछ हमर मिथिला धाम।
बैशाखक गर्मी निराली जतके
जत होलि खेलैत अइछ भगवान ।
देश बिदेश हमहु खुब घुमलौ
सब स सुन्दर अइछ हमर मिथिला धाम।
विद्यापती सन महान कवि
मिथिलाके अइछ माइटक सान ।
शंकर उगना बैनक एला जत
ओहे अइछ हमर मिथिला धाम।
जत छैठ दिवाली सन पावैन मनाबी
अपना संकृति स कराबी सबके पहिचान।
जनकपुर सनहक जत तिर्थ भुमी
ओहे अइछ हमर मिथिला धाम।
धोती कुर्ता पहिरन जतके
बरहेने अइछ मैथिलके स्वाभिमान।
ओइ पर स गम्छाके पगडी ओहे अइछ हमर मिथिला धाम



**लेखक : अंकित पाठक**
**शहिदनगर न.पा -०१ टोल बेमरखि**

## ।। मैथिलीक ठेकेदार ।।

केउ चाटमे केउ पोछमे केउ लुटमे अछी लागल
पुत देखु कापुते बनल सभटा भेल अभागल।
अनकाके अपनारहलछि, अपन माईट पाईन बिसैरहल
ठेकापटा मैथिलीओके सभ अपने अपनेमे फुइटरहल।।१।।
कोठा कार केउ महल अटारी देखु माय मैथिलके लुईटरहल
चोर चोर मसयौते भाइ एक आपसमे जुइटरहल।
दु चाइर टकाला असलिलता बिकृती फैलारहल
ठेकेदार सभ बिकाउए भेलै तै अनकाके अपनारहल।।२।।
घिचा तानी अपने अपनेमे अबसर अनकाके लुइभरहल
जेहे घाति माय मैथिलके तेकरे सभ सध बुझरहल।
जे हित करे से कनिको तेकरा दबारहल केउ दुसरहल
सारापर चढा माय मैथिलके जिबतेमे देखु डाइहरहल।।३।।
पत्रकार बिकाउ बनल साहित्यकार ठेकेदार
माय मैथिलीके पुत सभटा भगेल आब बेकार।
बहुते भगेल बन्द करु आब ठेकदारीके खेल
जियब मरब समरपित रहब माय मैथिलके लेल।।४।।



**नाम :-आभाष कर्ण**
**ठेगाना:- जनकपुरधाम-२४( बसहिया)**

## ।। मन पर्छ ।।

मलाई चारजनाको भिड होइन ।
एकान्त मन पर्छ ॥

मलाई सहरका ठूलो ठूलो महल होइन ।
गाउँको झुपडी मन पर्छ ॥

मलाई महङ्गो महङ्गो चिजवस्तु होइन ।
प्रेरणा ,आशिर्वाद ,प्रेम र स्नेह मन पर्छ ॥

मरुभूमिको माटो बालुवा धुलो होइन ।
नेपालको हरियो वातावरण मन पर्छ ॥

बिग्रेल स्वार्थी साथी, आफन्तहरु होइन ।
निस्वार्थ माया प्रेम गर्ने दाजु छिमेकी भाइ मन पर्छ ॥

हराम बैमानीको लाखौं करोरौ रुपियाँ होइन ।
इमन्दारीको १ रुपियाँ मन पर्छ ॥

मुर्खको जिद्धी घमन्डी स्वभाव होइन ।
बुद्धिमानको धैर्य शान्त स्वभाव मन पर्छ ॥

मलाई धनी व्यकतिको चापलाकुसी, अकड्ड घमन्डी स्वभाव होइन ।
गरीबको दया माया प्रेम मन पर्छ ॥

मलाइ चारजनाको भिड होइन
एकान्त मन पर्छ ॥



**लेखक :- अनित कुमार मण्डल**
**जनकपुर लोहना - १५**

## ।। प्रतिक्षा ।।

मानिसले सोच्नु पर्ने कुरा को सहि र को गलत त्यो त उसको इच्छा मा छ।
यहाँ दुश्मनको के कुरा गर्नु महोदय ,
यहाँ त आफ्नै साथीभाइरु मेरो जित
हैन हार को प्रतिक्षा मा छ।
यो कलयुग मा को राम को सीता छ
अ इले लोकसेवा मा मेहनत हैन राज नेता को सपोर्ट चाहियो पाए भनी
त यो एउटा भिकक्षा छ
भाग्य मा विश्वास राखी मेहनत जारी छ
त्यही भएर सफल हुने इच्छा छ केहि दिन पख जित मेरो नै प्रतिक्षा मा छ ॥



**लेखक रोहन भुजेल**
**जनकपुरधाम ४ बि एस फर्स्ट एअर्स (1rd 2080)**

## ।। हरेक वर्ष आउँछ एकदिन ।।

हरेक वर्ष आउँछ एकदिन सबैभन्दा राम्रो, रमाउछ यो मन अनि गाउँछ कुनै गीत।
खुशीको यो दिनमा तिमी पनि मुस्कुराउनु ,आफ्ना सबै साथी अनि आफन्तसित रङ्ग खेली रमाउनु।
तर जे भएपनि यो साथीलाई नर्बिसनु , हेप्पी होली साथी...
हेप्पी होली ।



**कृष्णा कुमार साह**
**ठेगाना - हंसपुर नगरपालिका-३ मझौरा**

## ।। आकृति ।।

मुर्तिको रँग र मानवको ढंगलाइ पहिचान कालिगढले नै गर्दछ
मानव मात्रको पहिचान उसको काम कर्तव्य र अधिकार
शिक्षाको ज्योति बाल्नु हुनुपर्छ हाम्रो पहिलो लक्ष्य
संसार पृथ्वी बाट चन्द्रमा मा पुगिसके
नजिउनु रुढीवादी परम्परा मा मिसिएर
ग्यानको ज्योति छर्दै उन्नत समाज को निर्माण गर्नु पर्दछ
छोरा होस वा छोरि दुवैलाइ दिउ शिक्षा बराबरि
छोरी पनि बन्न सक्छ घरको मुली
छोरा पनि बन्न सक्छ पर परास्पर पराया
न खेर फालौ यौवनावस्थालाइ रमाएर
सम्भलिजाउ जवानिमै कमाएर
दिप बालौ ग्यानको अआफनो अन्तर आत्मामा
मनुष्य मनुष्य सँग सुमधुर व्यवहार गरौ एक-आपसमा
बन्ने छन् संसार एक स्वर्ग नगरि
भेदभाव को घोर भत्सर्ना गरौँ
मिलिजुली उन्नत समाज बनाऔ
अआफनो शिप तथा कलाकौशलमा मेघावि बनौ
गरौ सतकरम उज्जवल भविष्यको निर्माण गरौ
सिंगो देशलाई हर्षोल्लासमय बनाऔ
शिक्षा को दियो रोम रोममा बसालौ



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ।। आत्मआकाङ्क्षा ।।

धर्म भएपनि,
हिन्दु बौद्ध मुस्लिम सिख इसाई ।
कर्म पाइला चाल्नु सँगै,
सत्यतर्फ हातमा हात मिलाई ॥

त्यागी मांस मदिरा नसा पदार्थ ।
हिंसक होइन बन्नु प्रेमी निस्वार्थ ॥

रङ्गहरू यहाँ लोभ मोह माया ।
न रङ्गोस् स्वच्छ आत्मा काया ॥

पखाल्दा पनि न छुटोस् कहिल्यै,
यस्तो रङ्गमा रङ्गिन चाहन्छु ।
सब 'होली' मनाउछन् बर्षमा,
म प्रतिपल आनन्द लिन चाहन्छु ॥

म रुन होइन सधैँ हास्न चाहन्छु ।
म मर्न होइन सधैँ बाच्न चाहन्छु ॥



**लेखक:- राम रुद्राक्ष मण्डल**
**ठेगाना:- लक्ष्मीनियाँ गा.पा.-१.सिनुरजोडा**
**धनुषा, नेपाल ।**

# वर्षाले पूरा गरिन् 'मोदीबेनी'को छायांकन

काठमाण्डु । पर्वत जिल्लाको मोदीबेनी क्षेत्रको कथामा आधारित भएर बनेको फिल्म 'मोदीबेनी'को ३१औं दिनमा सम्पूर्ण छायांकन सकिएको छ । बुधबार बिहान पर्वत जिल्लाको फलेवासमा अभिनेत्री वर्षा सिवाकोटी र अभिनेता प्रवीण खतिवडाले अन्तिम सट दिएसँगै फिल्म प्याकअप भएको हो । फिल्मको दुई चरणमा छायांकन गरिएको थियो । पहिलो चरणको छायांकन काभ्रेको भकुन्डेमा भएको हो ।



फिल्ममा वर्षा र प्रवीणका अलावा अमर प्रताप श्रेष्ठ, सरोज खनाल, रेजिना उप्रेती, दीलिप केसी, कमलमणि नेपाल, जीवन भट्टराई, सरोज अर्याल, अनामिका लामिछाने, स्नेह भट्टराई, लाबिस लगायतको पनि अभिनय छ । अमरले यही फिल्मबाट डेब्यू गरेका हुन् भने रेजिनाले करिब ९ वर्षपछि कमब्याक गरेकी छन् । यसमा उनले वर्षाकी आमाको भूमिका निर्वाह गरेको जानकारी प्राप्त छ ।

करिब पैँतिस-चालिस वर्ष पहिले र हालको कथालाई मिश्रण गरेर निर्माण भएको फिल्मलाई शङ्कर कोइरालाले निर्देशन गरेका हुन् । सम्पादनको २ दशक लामो अनुभवपछि उनले यही फिल्मबाट निर्देशनमा डेब्यू गरेका हुन् । आनन्द बिक्रम क्षेत्रीको लेखन रहेको फिल्ममा दीलिप केसी निर्माताको रुपमा छन् भने हरि श्रेष्ठ सह-निर्मातामा छन् । उत्सव दाहालले फिल्मको छायांकन गरेका हुन् । फिल्मीखबर



# उच्च शोजसहित 'महाजात्रा' हलमा १ करोडको ओपनिङ प्रक्षेपण



काठमाण्डु । सफलताको ग्यारेन्टी गर्ने फिल्म मानिन्छ, ' जात्रा' फ्रेन्चाइज । यसका अघिल्ला दुईवटा श्रृंखला 'सुपरहिट' भएका थिए । शुक्रबारबाट यसको तेस्रो सिक्वेल 'महाजात्रा' प्रदर्शनमा आएको छ ।

विदेश राइट्स र डिजिटल राइट्सबाट लगानी उठाइसकेको यो फिल्मले अब हलबाट गर्ने कमाई निर्माताको मुनाफा हुनेछ । तर, हिटको ट्याग पाउन भने फिल्मले नेपालमै लगानी सुरक्षित गर्नुपर्ने हुन्छ ।

बुलन्द प्रचार र सर्वाधिक शोजसहित प्रदर्शनमा आएको फिल्मले घरेलू बक्स अफिसमा आकर्षक कमाई गर्ने प्रक्षेपण गरिएको छ । प्रदर्शनपूर्व नै केही मल्टीप्लेक्सहरुमा फिल्मको शोज 'सोल्डआउट' भइसकेका छन् भने प्रायःमा एड्भान्स बुकिङ सुखद् देखिएको छ । नेपाली फिल्मको टिकट 'डोर सेल' बढी हुने भएकाले यो फिल्मले करिब १ करोड हाराहारी ओपनिङ गर्ने सम्भावना देखिन्छ ।

फिल्मलाई सार्वजनिक विदा पनि राम्रो मिलेको छ । शनिबार त्यस्तै विदा । आइतबार पहाडी र सोमबार तराई क्षेत्रमा होलीको विदा छ। बलियो 'वर्ड अफ माउथ' मिलेको अवस्थामा सार्वजनिक विदाको फाइदा फिल्मको व्यापारमा पर्न सक्नेछ । नेताको कालो धन लुकाउन युवालाई कसरी प्रयोग गरिन्छ भन्ने कथामा फिल्म केन्द्रित छ । कमेडी त ' जात्रा' श्रृंखलाको प्रमुख विशेषता नै भइहाल्यो ।

प्रदीप भट्टराईको निर्देशनमा बनेको फिल्ममा हरिवंश आचार्य, विपिन कार्की, रविन्द्र सिंह बानियाँ, रविन्द्र झा, वर्षा राउत, दिव्यदेव, राजाराम पौडेल, शिशिर वाङ्गदेल, प्रकाश घिमिरे, अर्जुनजंग शाही, मोहन निरौला लगायतको अभिनय छ। फिल्मको कार्यकारी निर्माता रविन्द्र सिंह बानियाँ हुन् भने निर्मातामा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल छन् । पुरुषोत्तम प्रधानले फिल्म खिचेका हुन् । फिल्मीखबर

# अर्थमन्त्री पुन र विश्व बैंकका उपाध्यक्षबीच छलफल



**काठमाण्डु** । अर्थमन्त्री वर्षमान पुन र विश्व बैंकका तीन जना उपाध्यक्षबीच नेपालका ठूला पूर्वाधार आयोजनाबारे छलफल भएको छ। अर्थमन्त्री पुन र विश्व बैंकका उपाध्यक्षत्रय मार्टिन रेजर, आकिहिको निसिओ र ग्वान्झे चेनबीच भर्चुअलमाध्यमबाट बैठक भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ।

बैठकमा एसियाली विकास बैंक (एडिबी) का नेपाल निर्देशक आर्नो कोस्वा र अन्तर र्राष्ट्रिय वित्त कोष (आइएफसी) का प्रतिनिधिसमेत सहभागी हुनुहुन्थ्यो । त्यसैगरी अर्थसविच कृष्णहरि पुष्कर, राजस्व सचिव डा रामप्रसाद घिमिरे, सहसचिवहरु उत्तरकुमार खत्री, रितेशकुमार शाक्य, श्रीकृष्ण नेपाल र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ सहभागी हुनुहुन्थ्यो । आजको बैठकमा नेपाल र विश्व बैंकबीचको आगामी पाँच वर्षका लागि साझेदारी खाका निर्माण तथा माथिल्लो अरुण जलविद्युत् आयोजना र दूधकोशी जलाशययुक्त आयोजना अगाडि बढाउने विषयमा छलफल भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ।

रुपान्तरणकारी परियोजनाकारुपमासङ्खुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने एक हजार ६१ मेगावाटको अर्धजलाशययुक्त माथिल्लो अरुण जलविद्युत् आयोजनाबारे छलफल भएको जनाइएको छ । सो आयोजनामा विश्व बैंकको सहुलियतपूर्ण ऋण तथा नागरिक लगानी कोष, विभिन्न स्वदेशी बैंक र सर्वसाधारणसमेतको मिश्रित लगानीमा नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीमार्फत निर्माण कार्य अघि बढ्ने जनाइएको छ। आयोजना निर्माणका लागि प्राधिकरणले अपर अरुण जलविद्युत् लिमिटेड स्थापना गरेको छ । आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) निर्माण भई परामर्शदातासमेत छनौट भइसकेको छ। उक्त आयोजनाका लागि विश्व बैंकको नेतृत्वमा वित्तीय व्यवस्थापनको टुङ्गो आगामी असारभित्रै लगाउने तयारी छ।

हिउँदमा दैनिक छ घण्टा पूर्ण क्षमतामा सञ्चालन गर्नेगरी सो आयोजनाको डिजाइन तयार भएको छ। आयोजनाको अनुमानित लागत एक अर्ब ३८ करोड अमेरिकी डलर (हालको सटही दरअनुसार करिब रु एक खर्ब ६१ अर्ब बराबर) छ। सोमध्ये ७० प्रतिशत विदेशी र ३० प्रतिशत स्वदेशी लगानी रहने ढाँचा तयार गरिएको छ। आयोजनाबाट वार्षिक चार अर्ब ५३ करोड युनिट ऊर्जा उत्पादन हुने अपेक्षा गरिएको छ।

त्यसैगरी दूधकोशी नदीमा जलाशय निर्माण गरी खोटाङको रावाबेंसी गाउँपालिका-३ लामीडाँडा र ओखलढुङ्गाको चिसङ्खुगढी गाउँपालिका-६ भदौरेस्थित रँबुवाघाटमा छ सय ३५ मेगावाट जलविद्युत् उत्पादन गर्ने योजना छ।

भर्चुअल बैठकमा अर्थमन्त्री पुनले ठूलोमध्येको एक अन्तर र्राष्ट्रिय विकास साझेदारका रुपमा नेपालको आर्थिक विकासमा पुऱ्याउँदै आएको योगदानका लागि विश्व बैंकलाई धन्यवाद दिनुभएको थियो । नेपालमा यातायात, सहरी विकास, कृषि, वन, वातावरण, रोजगारीलगायत पूर्वाधार क्षेत्रमा विश्व बैंकको लगानीमा विकास आयोजना अघि बढेको जानकारी दिनुहुँदै उहाँले विभिन्न कारणले ती आयोजनाको प्रगति सन्तोषजनक नरहेको उल्लेख गर्नुभयो। यद्यपी, ती आयोजनाका कामलाई तीव्रता दिन आफू प्रतिबद्ध रहेको अर्थमन्त्री पुनको भनाइ छ।नेपालले हरित उत्थानशील समावेशी विकासको मान्यता आत्मसात् गरेको पनि अर्थमन्त्री पुनले बताउनुभयो । उहाँले पूर्वाधारका आयोजनामा हरित वित्तको अभिवृद्धिका लागि विश्व बैंकसँग आग्रह गर्नुभयो।

विश्व बैंकका उपाध्यक्षसहितका पदाधिकारीले नेपालसँगको सहकार्य उत्साहजनक रहेको बताउनुहुँदै माथिल्लो अरुण जलविद्युत् आयोजनासहित पाइपलाइनमा रहेका आयोजनाबारे धारणा राख्नुभएको थियो। अन्तर र्राष्ट्रिय विकास सङ्घ (आइडिए) ले कार्यक्रम सञ्चालन गरेको अन्य मुलुकको तुलनामा नेपालको ऋण जोखिम कम रहेको भन्दै उहाँहरुले सहुलियतपूर्णबाहेकका ऋणसमेत उपभोग गर्न नेपाललाई आग्रह गर्नुभयो।

मन्त्री पुनले राजस्व परिचालनमा आएको शिथिलतालगायतका कारण वित्तीय सीमितता रहन गई दिगो विकास लक्ष्य, पूर्वाधार, जलवायु अनुकूलन कार्यान्वयनमा स्रोतको ठूलो खाडल सिर्जना हुन गएको बताउनुभयो । उहाँले विकास साझेदारले नेपालसँगको सहकार्य र सहयोग बढाई आर्थिक पुनरुत्थानको प्रयासमा सघाउनुपर्ने धारणा राख्नुभयो । छलफलमा सहभागी विश्व बैंकका उपाध्यक्षत्रयमध्ये रेजर दक्षिण एसिया उपाध्यक्ष, निसिओ विकास वित्त उपाध्यक्ष र ग्वान्झे चेन पूर्वाधारतर्फका उपाध्यक्ष हुनुहुन्छ ।रासस

# उपनिर्वाचनमा उम्मेदवार बन्नेको लर्को, स्वतन्त्र उम्मेदवार घोषणाको लहर

**फिक्कल** । आउँदो वैशाख १५ गते हुन लागिरहेको इलाम क्षेत्र नं २ को प्रतिनिधिसभा उपनिर्वाचनका लागि चुनावी चहलपहल बढेको छ । उपनिर्वाचनमा उम्मेदवार बन्नेको लर्को लागेको छ । उम्मेदवार टुङ्गो लागेका स्वतन्त्रहरू जनताको घर पुग्न थालेका छन् भने उम्मेदवार टुङ्गिन बाँकी राजनीतिक दलका नेताहरूसमेत निर्वाचन क्षेत्र केन्द्रित हुन थालेका छन् ।

स्वतन्त्र उम्मेदवारहरू औपचारिक चुनावी अभियान सुरुआत गरी जनताको घर-घर पुग्न थालेका हुन्। दलका नेताहरू भने टिकट प्राप्त गर्नका लागि लबिङ गरिरहेका छन्। स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह थेगिम, मिलन लिम्बू र अर्जुनविक्रम शाहीले यसअघि काठमाडौँमा पत्रकार सम्मेलन गरी स्वतन्त्र उम्मेदवार घोषणा गर्दै चुनावी अभियानमा होमिएका छन्।

पहिचानको प्रमुख मुद्दा बोकेर निर्वाचनमा होमिनुभएका थेगिम प्रदेश नामाङ्कनको विषयलाई लिएर कोशीमा आन्दोलनरत 'प्रदेश नं १ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समिति'को तर्फबाट साझा उम्मेदवार खडा हुनुभएको छ । उहाँलाई पहिचान पक्षधर पार्टीहरु राष्ट्रिय जनमुक्ति पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नागरिक उन्मुक्ति पार्टी, जातीय संस्थाहरू किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खालगायत किरात धर्मगुरु आत्मानन्द लिङदेनको समर्थन छ।

त्यस्तै युवाहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाउने मुख्य मुद्दासहित पत्रकार लिम्बू चुनावी मैदानमा होमिनुभएको छ । उहाँ नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)का महसचिव र दृष्टि न्यूज डटकमका सम्पादक हुनुहुन्छ । उता युवाकै मुद्दा लिएर इलाम आउनुभएका पाहुना उम्मेदवार शाहीसमेत भेटघाटमा व्यस्त हुनुहुन्छ।

यस्तै 'किरात लिम्बूवान प्रदेश नामाङ्कन अभियान'का केन्द्रीय अध्यक्ष प्रेमदीप लिम्बू स्वतन्त्र उम्मेदवारी घोषणा गरी चुनावी अभियान थाल्नुभएको छ। शुक्रबार इलाम सदरमुकाममा पत्रकार सम्मेलन गरी अभियानका अध्यक्ष लिम्बूले पहिचानवादी स्वतन्त्र उम्मेदारी घोषणा गर्नुभएको हो।

उहाँले पहिचानको आन्दोलनलाई सार्थक रुप दिन तथा कोशी प्रदेशको नाम परिवर्तन गरी 'किरात लिम्बूवान' बनाउन केन्द्रीय तहदेखि नै पहल गर्न उम्मेदवारी रहेको बताउनुभयो। उहाँले इलाम-२ को विकास निर्माणलाई गति दिनसमेत आफ्नो उम्मेदवारी रहेको बताउनुभयो।

उता जिल्लाका कुनै पनि राजनीतिक दलहरूले अहिलेसम्म उम्मेदवार टुङ्गो लगाउन सकेका छैनन्। उम्मेदवार चयनमा




सर्वसम्मत हुन नसकेपछि नेपाली कांग्रेसले सात, नेकपा (एमाले)ले छ र जनता समाजवादी पार्टीले तीनजना आकाङ्क्षीको नाम केन्द्रीय समितिमा सिफारिस गरी पठाएका छन्। सिफारिसमा परेका सबै नेताहरू आफूले टिकट पाउने विश्वस्त हुँदै निर्वाचन क्षेत्रमा केन्द्रित भएका छन्।

कांग्रेसले महासमिति सदस्य भेषराज आचार्य, पूर्वराज्यमन्त्री केशव थापा, जिल्ला सभापति डम्बरबहादुर खड्का, संविधानसभा सदस्य नगेन्द्र कुमाल,

> कांग्रेसले महासमिति सदस्य भेषराज आचार्य, पूर्वराज्यमन्त्री केशव थापा, जिल्ला सभापति डम्बरबहादुर खड्का, संविधानसभा सदस्य नगेन्द्र कुमाल, नेता रमेश लिङ्देन, पूर्व जिल्ला उपसभापति शान्तिकला तामाङ (राई) र महासमिति सदस्य चन्द्रमाया लिम्बूको नाम केन्द्रमा सिफारिस गरी पठाएको छ ।

नेता रमेश लिङ्देन, पूर्व जिल्ला उपसभापति शान्तिकला तामाङ (राई) र महासमिति सदस्य चन्द्रमाया लिम्बूको नाम केन्द्रमा सिफारिस गरी पठाएको छ। तर केन्द्रले नाम टुङ्गो लगाउन बाँकी रहेको सभापति खड्काले जानकारी दिनुभयो । खड्का गत वर्षको निर्वाचनमा एमाले नेता एवं संविधानसभा अध्यक्ष स्वर्गीय सुवासचन्द्र नेम्वाङसँग एक सय १४ मतले मात्र पराजित हुनुभएको थियो।

एमालेले पनि स्वर्गीय नेम्वाङपुत्र सुहाङ नेम्वाङसहित छ जनाको नाम यसअघि नै केन्द्रीय समितिमा पठाइसकेको छ। तर, उम्मेदवार टुङ्गो लगाउन सकेको छैन । एमालेले नेम्वाङसहित उपसचिव रवीन्द्र सुवेदी, जिल्ला सदस्य डा देवीक्षेत्री दुलाल, इलाम-२ क्षेत्रीय अध्यक्ष बुद्धिप्रसाद खनाल, नेता नरेन्द्रनाथ भट्टराई र पार्टी कोशी प्रदेश सदस्य रिपल राईको नाम सिफारिस गरी पठाइएको जिल्ला सचिव उमेश गुरुङले जानकारी दिनुभयो।

जनता समाजवादी पार्टीले केन्द्रीय सल्लाहकार डा महेन्द्र लावती, केन्द्रीय सदस्य लोकसागर साम्बा र जिल्ला उपाध्यक्ष यामप्रसाद लिम्बूको नाम पठाए पनि टुङ्गो लाग्न सकेको छैन।

राष्ट्रिय स्वतन्त्र पार्टीले उम्मेदवारी चयनका लागि प्रारम्भिक निर्वाचन गरी उम्मेदवार छनोट गर्ने कार्यतालिका सार्वजनिक गरेको छ । रास्वपाले उपनिर्वाचनमा उम्मेदवार बन्न प्रारम्भिक निर्वाचनका लागि १४ गते दिउँसो १ बजेसम्म उम्मेदवारी दर्ता, साँझ ८ बजेसम्म प्रारम्भिक उम्मेदवारको नामावली प्रकाशन, १५ गते दिउँसो १ बजेसम्म प्रारम्भिक उम्मेदवारउपर दाबीविरोध, साँझ ५ बजेसम्म उम्मेदवारहरूसँग छलफल, साँझ ८ बजे अन्तिम उम्मेदवार नामावली प्रकाशन, १६ गते साँझ ७ बजेसम्म मतदान र निर्णय गरी १७ गते दिउँसो १ बजे नतिजा प्रकाशन गरी उम्मेदवार सार्वजनिक गर्नेछ । रास्वपाको उम्मेदवार सार्वजनिक गर्न गृहमन्त्री एवं पार्टी सभापति रवि लामिछाने इलाम आउने कार्यक्रम रहेको रास्वपा इलामले जनाएको छ।

उता नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत अन्य साना दलहरूले उम्मेदवार सिफारिस नै गरेका छैनन् । एकीकृत समाजवादीका तर्फबाट सम्मानित नेता झलनाथ खनालले इलाम-२ मा उम्मेदवार बन्ने चर्चा रहे पनि आधिकारिक निर्णय नभएको समाजवादी इलाम अध्यक्ष भक्त केसीले बताउनुभयो।

इलाम-२ मा आउँदो वैशाख १५ गते उपनिर्वाचन हुँदैछ । विसं २०७९ को निर्वाचनमा सो क्षेत्रबाट निर्वाचित नेम्वाङको निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनका लागि आयोगले चैत २४ गते उम्मेदवारी दर्ताको मिति तोकेको छ। उपनिर्वाचनका लागि इलाममा २० वटा राजनीतिक दलले दल दर्ता गराएका छन्।

नयाँ सत्ता समीकरणले एमालेलाई सहज

गत वर्षको निर्वाचनमा पार्टीले पाएको समानुपातिक मत विश्लेषण गर्दा यसपटकको इलाम-२ उपनिर्वाचनमा जितका लागि नयाँ सत्ता समीकरणले एमालेलाई सहज भएको छ। विसं २०७९ मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा सदर मतमध्ये सबैभन्दा धेरै नेकपा (एमाले)ले २६ हजार पाँच सय ६२ मत पाएको थियो । त्यसपछि नेपाली कांग्रेसले २२ हजार तीन सय ३३, माओवादी केन्द्रले पाँच हजार एक सय ५३, राष्ट्रिय स्वतन्त्र पार्टीले चार हजार छ सय ६८, मङ्गोल नेशनल अर्गनाइजेशनले एक हजार छ सय ६१, राष्ट्रिय जनमुक्ति पार्टीले एक हजार चार सय १३, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले एक हजार तीन सय २९, राष्ट्रिय प्रजातन्त्र पार्टीले एक हजार एक सय ९१ र जनता समाजवादी पार्टीले नौ सय छ मत प्राप्त गरेको थियो। अन्य साना पार्टीहरूले नौ सय मत कटाएनन्।

निर्वाचनमा माओवादी केन्द्रले समर्थनमा कांग्रेसका उम्मेदवार खड्का एमालेका उम्मेदवार स्वर्गीय नेम्वाङसँग एक सय चार मतले मात्र पराजित हुनुभएको थियो।

नेम्वाङले ३० हजार २० मत ल्याउँदा खड्काले २९ हजार नौ सय छ मत पाउनुभएको थियो । नयाँ सत्ता समीकरणसँगै यसपटक माओवादीको मत एमालेले पाउने भएपछि जितमा सहज हुने एमालेको विश्वास छ । तर कोशी प्रदेश नामकरणसहित एमालेलाई पहिचान विरोधीको ट्याग लागेको छ । पछिल्लो समय उदाएका नयाँ पार्टी, पहिचानको आन्दोलन तथा उनीहरुको साझा उम्मेदवार र अन्य स्वतन्त्र उम्मेदवारका कारण एमालेलाई पनि यो निर्वाचन जित्न त्यति सहज भने छैन।

गत वर्षको निर्वाचनमा इलाम-२ को मतदाता एक लाख १५ हजार तीन सय ४२ रहेकामा ६९ हजार चार सय ८१ मत खसेको थियो। खसेको मतमध्ये ६६ हजार आठ सय ८५ मत सदर र दुई हजार पाच सय ९६ मत बदर भएको थियो ।रासस

# महिला न्यायाधीशको उपस्थितिले समान न्याय प्रवर्द्धन हुन्छः प्रधानन्यायाधीश

**काठमाण्डु** । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायपालिकामामहिलान्यायाधीशको उपस्थितिले समान न्यायको प्रवर्द्धन हुने बताउनुभएको छ । महिला न्यायाधीशको प्रथम राष्ट्रिय सम्मेलनको आज शुभारम्भ गर्दै प्रधानन्यायाधीश श्रेष्ठले सम्मेलनले न्यायापालिकाका महिला न्यायाधीशको बढ्दो सहभागिताले दुरगामी प्रभाव पार्ने बताउनुभयो।

प्रधानन्यायाधीश श्रेष्ठले न्यायका क्षेत्रमा महिला सहभागिता विस्तारै वृद्धि हुँदै गएको र कानुन पढ्ने महिला विद्यार्थीको सङ्ख्या पनि बढ्दो रहेको बताउनुभयो । उहाँले संविधानले समानुपातिक सहभागिताको व्यवस्था गरेको र विस्तारै महिला न्यायाधीशको सङ्ख्या पनि बढ्दै जाने बताउनुभयो। प्रधानन्यायाधीश श्रेष्ठले आफूले न्यायालयको नेतृत्व सम्हालेदेखि नै सुधारका लागि काम प्रारम्भ गरेको र न्यायिक सुधारका कामलाई निरन्तरता दिएको बताउनुभयो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले संविधानले समानुपातिक सहभागिता रहने व्यवस्था गरेपनि सोचेअनुरूप न्याय क्षेत्रमा महिलाको उपस्थित हुन नसकेको धारणा राख्नुभयो। उहाँले सम्मेलन गर्न सक्ने महिला न्यायाधीश हुनु आफैमा महत्त्वपूर्ण भएको र कलेजदेखि नै महिला सहभागितामा




बढाउनुपर्नेमा जोड दिनुभयो। मन्त्री गिरीले सर्वोच्च अदालतले कानुन बनाउन दिएको निर्देशनात्मक आदेशअनुसार कानुन बनाउने विषयलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले पहिला एक/दुई जना मात्रै महिला न्यायाधीश भएको स्मरण गर्दै आज महिला न्यायाधीशको सम्मेलन गर्ने अवसर प्राप्त हुनु सबैभन्दा खुशीको क्षण भएको बताउनुभयो।

उहाँले महिला न्यायाधीशको शारीरिक, भावना, विचार र जिम्मेवारीहरू धेरै भएपनि महिलाको दुःख, बेदना महिलाले नै बुझ्ने विश्वास व्यक्त गर्नुभयो । पूर्वप्रधानन्यायाधीश कार्कीले महिलाले दोहोरो/तेहोरो जिम्मेवारी पूरा गरेर पनि न्यायाधीशका रूपमा न्याय दिन सक्ने बताउनुभयो।

सर्वोच्च अदालतका न्यायाधीश तथा न्यायाधीश समाज नेपालमा अध्यक्ष सपना प्रधान मल्लले नेपालीको इतिहासमा महिला न्यायाधीशहरू संगठित हुने र सञ्जालमा आबद्ध हुने अवसर मिलेको बताउनुभयो । उहाँले सम्मेलनमा महिला न्यायाधीशको समस्या र चुनौती पहिचान गरी व्यावसायिक दक्षता वृद्धि गर्ने उद्देश्यले सम्मेलनको आयोजना गर्न लागेको स्पष्ट पार्नुभयो।

न्यायाधीश मल्लले समानुपातिक हिसाबले कानुन आएपनि न्याय र प्रतिनिधित्वको जरुरी भएको बताउनुभयो। उहाँले फरक खाले हिंसा भोगेका महिला भएको हुँदा लैङ्गकिक न्याय जरुरी छ भन्नुभयो। महिला न्यायाधीशको नेतृत्व अभिवृद्धि र महिला न्यायाधीशको अर्थपूर्ण र गुणात्मक सहभागिताका अभिवृद्धि गर्नेलगायत समग्र विषयमा सम्मेलनमा छलफल गरिने उहाँको भनाइ छ।

महान्यायाधिवक्ता डा दिनमणि पोखरेलले महिला न्यायाधीशको इजलासमा मुद्दा पर्यो भने न्याय हुन्छ भन्ने सन्देश सम्मेलनले दिने र यस्ले महिला न्यायाधीशमा थप उर्जा प्रदान गर्ने बताउनुभयो।

नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरेले महिला न्यायाशीधद्वारा दिइने न्याय अझ विवेकपूर्ण हुने र न्याय क्षेत्रमा लाग्ने महिलालाई थप प्रोत्साहन र उर्जा मिलोस भन्ने शुभकामना व्यक्त गर्नुभयो । न्याय प्रतिष्ठान नेपालका कार्यकारी निर्देशक वैधनाथ उपाध्यायले 'श्रीमान' भन्ने शब्द पितृसत्तात्मक सोचको उपज भएको र यसबारे समीक्षा गर्ने बेला भएको उल्लेख गर्दै सम्मेलनले महिला न्यायाधीशको क्षमता र नेतृत्व विकासका साथै न्याय क्षेत्रमा लाग्न थप प्रोत्साहन पुग्ने विश्वास व्यक्त गर्नुभयो।

शुक्रबार र शनिबार दुई दिनसम्म चल्ने सम्मेलनमा न्यायिक समुदायभित्र सहयोग, सशक्तीकरण र वकालतको अनुभव, विचार आदानप्रदान गर्नुका साथै न्यायिक क्षेत्रमा काम गर्ने महिलाबीच एकता र सञ्जाल निर्माण, नेतृत्व विकास र सशक्तीकरणलगायतको विषयमा छुट्टाछुट्टै कार्यशाला हुनेछ।

नेपालमा सर्वोच्च अदालतमासहित कूल ४३ महिला न्यायाधीश हुनुहुन्छ। तीमध्ये सर्वोच्च अदालतमा तीन, उच्च अदालतमा मुख्य न्यायाधीश एक र न्यायाधीश २१, जिल्ला न्यायाधीश १८ गरी हुनुहुन्छ।

सम्मेलनमा ४३ महिला न्यायाधीशसहित आठजना अवकाशप्राप्त महिला न्यायाधीश सहभागी हुनुहुन्छ। अहिले नेपालमा १० दशमलव ५४ प्रतिशत महिला न्यायाधीश हुनुहुन्छ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान र न्यायाधीश समाज नेपालको संयुक्त आयोजनामा 'न्यायिक प्रणालीमा लैङ्गिक समानताको अभिवृद्धिः हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ सुरू भएको सम्मेलन शनिबार घोषणापत्र जारी गर्दै सम्पन्न हुनेछ ।रासस

# विश्वविद्यालय ज्ञान उत्पादन गर्ने केन्द्रका रुपमा विकास गरौँः मन्त्री बस्नेत

**पाटन** । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले क्याम्पस तथा विश्वविद्यालयलाई ज्ञान उत्पादन गर्ने केन्द्रका रुपमा विकास गर्नुपर्ने बताउनुभएको छ।

नवआगन्तुक विद्यार्थीको स्वागतमा अखिल (क्रान्तिकारी) पाटन क्याम्पस कमिटीद्वारा आयोजित कार्यक्रममा उहाँले क्याम्पस र विश्वविद्यालयलाई ज्ञान प्राप्त गर्ने थलोमात्र सीमित नगरेर ज्ञान उत्पादन गर्ने केन्द्रका रुपमा विकास गर्दै मुलुकलाई समृद्धिको दिशामा लैजान सक्नुपर्ने बताउनुभयो।

"गौरवशाली इतिहास बोकेको यो क्याम्पसको आफ्नै महत्व छ । अहिलेका प्रधानमन्त्रीले विसं २०२८/२९ तीर यही क्याम्पसमा पढ्नुभएको थियो। उच्च शिक्षा हासिल गर्ने जिम्मेवारी पूरा गर्दै मुलुक र देशको भविष्य निर्माणका लागि क्रियाशील रहन विद्यार्थी भाइबहिनीमा आग्रह गर्दछु", मन्त्री बस्नेतले भन्नुभयो।

उहाँले मुलुकको स्वाभिमान र स्वाधीनताका लागि त्याग गर्ने सहिदको योगदानमा खडा भएको अखिल (क्रान्तिकारी)ले मुलुकको राजनीतिक जीवनमा परिवर्तन ल्याउन सङ्घर्ष गरेको बताउनुभयो। मन्त्री बस्नेतले बदलिदो परिवेशसँगै इतिहास र आदर्शलाई मुलुकको आवश्यकता र सन्दर्भसँग जोडेर ज्ञान उत्पादनतर्फ लाग्न विद्यार्थीलाई आग्रह गर्नुभयो।

हरेक नागरिकले देशको भविष्यप्रति गर्व गर्ने अवस्था सिर्जना गर्दै राष्ट्रको विकासका लागि उच्च मनोबल र गौरवको सन्देश बोकेर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो। मन्त्री बस्नेतले क्रान्ति सफल भएको दुई दशकमा नै सफलता हासिल भएन भनेर लिन नहुने बताउनुहुँदै सुशासन, सामाजिक न्यायसहितको विकासलाई पूरा गर्ने उद्देश्यसहित सरकार अगाडि बढिरहेको बताउनुभयो।

नेपालमा ऊर्जा उत्पादनको एक सय १२ वर्ष पूरा भएको बताउनुहुँदै मन्त्री बस्नेतले आगामी १२ वर्षमा २८ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएर मन्त्रालय अगाडि बढिरहेको जानकारी दिनुभयो । "विसं १९६८ मा पहिलोपटक ऊर्जा उत्पादन सुरु भयो। त्यो बेलादेखि २०४६ सालसम्म ७८ वर्षको अवधि दुई सय ५० मेगावाट उत्पादन भएछ। विसं २०४८ देखि २०६२/६३ सम्म २५० थप भई पाँच सय मेगावाट उत्पादन भएको देखिन्छ। विसं २०७२ सम्म ३०० मेगावाट र अहिले २९ सय मेगावाट विद्युत् उत्पादन भइरहेको छ। यो तथ्यले पनि देश उन्नतितर्फ गइरहेको देखाएको छ", मन्त्री बस्नेतले भन्नुभयो।

उहाँले १० वर्षमा गरिएको कामले मुलुकले सार्थकता प्राप्त गरिनसकेको भए पनि निरन्तरता जारी रहँदा त्यसले सार्थकता प्राप्त गर्ने बताउनुभयो । यो देशमा केही हुँदैन भन्ने भाष्यलाई चिर्नुपर्ने उहाँको भनाइ छ।

नेकपा माओवादी बागमती प्रदेशका अध्यक्ष एवं बागमती प्रदेश सदस्य सरल सहयात्रीले सानोभन्दा सानो काम गरेर पनि देशमा बाँच्न सकिन्छ भन्ने सन्देश विद्यार्थीले दिन सक्नुपर्ने धारणा राख्नुभयो। उहाँले उक्त कुराबाट प्रेरित भएर उच्च शिक्षा हासिल गर्दै देशको अवस्था परिवर्तनमा लाग्न विद्यार्थीलाई आग्रह गर्नुभयो।

सहयात्रीले हरेक क्षेत्रबाट देशको विकासमा योगदान गर्न सक्नुपर्ने भन्दै हाम्रा पुर्खाले पाखोपखेरो खनेर बनाएको मुलुकको विकास र समृद्धिको लागि सबै क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो । "पढ्दै नपढेको व्यक्तिले पनि लामो समय एउटा काममा निरन्तरता दियो भयो भने त्यो क्षेत्रमा विज्ञ हुन सकिन्छ", उहाँले भन्नुभयो, "तसर्थ निरन्तर प्रयास, आत्मविश्वास र धैर्यतासहित अध्ययन वा आफूले गरिरहेको काममा लाग्नुपर्दछ।"

कार्यक्रममा उपप्राध्यापक शारदा लामिछानेसहित अखिल (क्रान्तिकारी)का केन्द्रीय पदाधिकारीले समेत मन्तव्य राख्नुभएको थियो ।रासस

# जलवायु परिवर्तनका कारण आल्प्सको पर्यावरणीय अवस्थामा असर

**एएनआई**

इङ्ल्याण्ड ।जलवायु परिवर्तनका कारण मध्य युरोपमा रहेको हिम शृंखला आल्प्समा हिउँको सतह घट्नु र वनस्पतिको ढाँचामा आएको परिवर्तनले उच्च पर्वतीय क्षेत्रको जैविक विविधता र पर्यावरणीय अवस्थामा चिन्ताजनक प्रभाव पारिरहेको एक नयाँ अध्ययनले देखाएको छ।

पृथ्वीको विस्तृत भागलाई ढाक्ने पर्वत शृंखलाहरू छेउछाउका तराई क्षेत्रहरूको तुलनामा छिटो तातो हुँदै गएका छन् । फलस्वरूप हिउँको आवरणमा भारी कमी आएको छ र क्रमिकरूपमा पृथ्वीको तल्लो सतहमा पाइने सदाबहार होचा वनस्पतिहरू माथिल्लो सतहमा भेटिन थालेका छन् ।



म्यानचेस्टर विश्वविद्यालयका वैज्ञानिकले वनस्पतिमा देखिएको परिवर्तनबाट के निष्कर्ष निकालेका छन् भने बोटबिरुवा र माटोका सूक्ष्मजीवहरूबाट प्रदर्शन गरिएको महत्त्वपूर्ण अल्पाइन पारिस्थितिकीय कार्यहरूले अल्पाइन पर्यावरणीय प्रणालीलाई प्रभावित गरिरहेको छ।

'ग्लोबल चेन्ज बायोलोजी' नामक जर्नलमा शुक्रबार प्रकाशित अनुसन्धानले उच्च पर्वतीय पारिस्थितिक प्रणालीले बोटबिरुवाको वृद्धिलाई कायम राख्न र जैविक विविधता कायम राख्न आवश्यक महत्वपूर्ण पोषक तत्वहरू संरक्षण गर्न कम सक्षम हुन सक्ने देखाएको छ। अनुसन्धानका प्रतिवेदनका प्रमुख लेखक आर्थर ब्रोडबेन्टले भन्नुभयो, "हाम्रो शोधपत्रले मौसमी पारिस्थितिक प्रणालीमा बोटबिरुवाको समय र माटोको विधि कति महत्त्वपूर्ण छ भन्ने देखाएको छ।"

मानिसहरू बोटबिरुवाको फूल फुल्ने र माटोको प्रक्रियाबीचको बेमेलसँग परिचित हुन सक्छन् जसले आकर्षक मौसमी गतिशीलता देखाउँदछ र यी प्रक्रियाहरूको समयमा पनि जलवायु परिवर्तनले बाधा पुर्‍याउन सक्छ।

अग्ला पहाडहरू कोइलाखानीको ' क्यानरी' जस्तै छन् किनभने तिनीहरू विश्वव्यापीरूपमा औसतभन्दा धेरै छिटो तातो भइरहेका छन्। यसले हाम्रो निष्कर्षलाई थप चिन्ताजनक बनाउँछ ।प्रत्येक वर्ष, पर्वतीय पारिस्थितिक प्रणालीमा आएको मौसमी परिवर्तनले अल्पाइन माटोमा बोटबिरुवा र सुक्ष्मजीवका समुदायहरूबीच पोषक तत्वहरूको ठूलो परिवर्तनलाई सङ्केत गर्छ।

वसन्त ऋतुमा हिउँ पग्लेपछि, बोटबिरुवाहरू बढ्न थाल्छन् र पोषक तत्वहरूको लागि माटोमा पाइने सूक्ष्मजीवसँग सङ्घर्ष गर्न थाल्छन्, जसले गर्दा माटोबाट बोटबिरुवाहरूमा पोषक तत्वहरूको भण्डारणमा परिवर्तन हुन्छ । यो स्थानान्तरण शरद ऋतुमा उल्टो हुन्छ, यो समयमा बिरुवा फेरि मर्छन् र पोषक तत्व, मृत पातहरू र जराहरू पुनः माटोमा परिवर्तन हुन्छन्।

जाडोको समयमा अल्पाइन क्षेत्रमा हिउँले ढकमक्क माटोलाई ढाकिदिन्छ जसले माटोका सूक्ष्म जीवाणुहरूलाई काम गर्न र उनीहरूको बायोमासमा पोषक तत्वहरू भण्डारण गर्न दिन्छ र बिरुवाहरूलाई चिसो अल्पाइन जाडोमा बाँच्न सम्भव बनाउँछ ।जलवायु परिवर्तनले युरोपेली आल्प्सका केही भागहरूमा शताब्दीको अन्त्यसम्ममा ८०-९० प्रतिशत हिउँको आवरण घटाउने र हिउँ पग्लने समयलाई पाँचदेखि १० हप्तासम्म अगाडि बढाउने अनुमान गरिएको छ।

युनिभर्सिटी अफ इन्सब्रुकका प्राध्यापक माइकल बानले भन्नुभयो, "हिउँदमा हिउँको सतह घट्नु आल्प्समा जलवायु परिवर्तनको सबैभन्दा स्पष्ट प्रभाव हो ।" वैज्ञानिकहरूका लागि पारिस्थितिकीय प्रणालीले जलवायु परिवर्तनको प्रभावलाई कसरी प्रतिक्रिया दिन्छ भन्ने कुरा बुझ्नु एउटा ठूलो चुनौती हो।

हिउँ आवरण परिवर्तन वा हिमाली क्षेत्रमा पाइने होचा झाडी विस्तारजस्ता कार्यबीचको अन्तरक्रियाले प्रत्यक्ष र अप्रत्यक्ष जलवायु परिवर्तन कारकहरू पारिस्थितिक तन्त्रको कार्यप्रणालीमा अचानक र अनपेक्षित परिवर्तनहरू निम्त्याउन सक्छ। म्यानचेस्टर विश्वविद्यालय,इन्सब्रुक विश्वविद्यालय, हेल्महोल्ट्ज जेन्ट्रम मुनचेन र इकोलोजी र हाइड्रोलोजी केन्द्रको सहयोगमा गरिएको यो अध्ययनको निष्कर्षहरूले मौसमी स्थानान्तरण, बोटबिरुवा र माटोका जीवाणुहरूबीच पोषक तत्वहरूको अवधारणमा जलवायु परिवर्तनको हानिकारक प्रभावलाई उजागर गरेको छ।

युनिभर्सिटी अफ म्यानचेस्टरको डिपार्टमेन्ट अफ अर्थ एन्ड इन्भाइरोमेन्टल साइन्सेजका प्रिन्सिपल इन्भेस्टिगेटर तथा इकोलोजीका प्राध्यापक रिचार्ड बर्डगेटले भन्नुभयो, "हाम्रो कामले जलवायु परिवर्तनका विभिन्न पक्षहरूको संयोजनले बोटबिरुवाको वृद्धिलाई आधार दिने जमिनमुनिको पारिस्थितिकीय प्रक्रियालाई कसरी गम्भीर रूपमा अवरोध गर्न सक्छ भन्ने देखाउँछ।

" यी प्रभावहरूलाई भिन्न राखेर जलवायु परिवर्तन कारकहरूको अध्ययन र भविष्यवाणी गर्न असम्भव छ।

# फिफा विश्वकप छनोटमा नेपाल बहराइनसँग पराजित



**काठमाण्डु** । बहराइनमा भएको फिफा 'विश्वकप २०२६' छनोट र 'एएफसी एशियन कप २०२७' को संयुक्त छनोटअन्तर्गत दोस्रो चरणको खेलमा नेपाल बहराइनसँग फराकिलो गोल अन्तरले पराजित भएको छ।

बहराइनको रिफास्थित बहराइन राष्ट्रिय फुटबल मैदानमा आज बिहान भएको खेलमा बहराइनसँग नेपाल ५-० गोल अन्तरले पराजित भएको हो। यो जितसँगै बहराइनले प्रतियोगितामा दोस्रो जित दर्ता गराएको छ।

बहराइन ६ अङ्कका साथ दोस्रो स्थानमा छ। यस हारसँगै नेपालले प्रतियोगितामा तेस्रो हार बेहोरेको छ। समूह 'एच' मा रहेको नेपाल पहिलो खेलमा युएईसँग ४-० र यमनसँग २-० ले पराजित भएको थियो । नेपाल अङ्क विहीन छ । बहराइनको जितमा माहदी अल हुमाइदान, सायद बाकर, अली मादन, इब्राहिम अल खातल र इस्मील अब्दुलातिजले समान एक एक गोल गरे।

खेलको दोस्रो मिनेटमै माहदी अल हुमाइदानले बहराइनका लागि पहिलो गोल गरे । त्यस्तै खेलको नवौँ मिनेटमा सायद बाकरले गोल गर्दै बहराइनको अग्रता दोब्बर बनाए । खेलको पहिलो हाफको अतिरिक्त समयमा अली मादनको हेडर गोल गरे । यससँगै बहराइनले खेलको पहिलो हाफमा नै तीन गोलको अग्रता बनाएको थियो।

त्यसपछि खेलको ८७औं मिनेटमा इब्राहिमले गोल गरे। खेलको दोस्रो हाफको अतिरिक्त समयमा पाएको पेनाल्टीलाई सदुपयोग गर्दै इस्मीलले बहराइनका लागि पाँचौ गोल गरे।

बहराइनका खेलाडीलाई नेपालकालाकेनलिम्बूलेबक्सभित्र लडाएपछि अस्ट्रेलियन रेफ्री एलेक्जान्डर किङ्ले बहराइनलाई पेनाल्टी दिएको थियो।

समूह 'एच' मा नेपालसहित बहराइन, यमन र संयुक्त अरब इमिरेट्स (युएई) छन्। युएई तीन खेलमा तीन जितसहित ९ अङ्कका साथ पहिलो स्थानमा छ। त्यस्तै यमन तीन खेलमा एक जितसहित तीन अङ्कका साथ तेस्रो स्थानमा छ।

# डुङ्गा दुर्घटनापछि समुद्रमा अलपत्र थप रोहिङ्ग्या शरणार्थीको सकुशल उद्धार

**एएफपी**

मेउलाबोह । इन्डोनेसियाको समुद्रमा डुङ्गा पल्टेपछि पानीमा अलपत्र परिरहेका थप छ जनासहित कूल ७५ जनालाई सकुशल उद्धार गरिएको शुक्रबार इन्डोनेसियाली उद्धारकर्ताहरूले जनाएका छन्।



वेपत्ताहरूलाई जीवित भेट्ने अवस्था क्षीण बन्दै गएपछि हराइरहेका थप रोहिङ्ग्या शरणार्थीको खोजी कार्य अन्त्य गरिएको उनीहरूले बताएका छन् । उद्धार टोलीहरूले भनेका छन्, "बिहीबारदेखि वेपत्ता रोहिङ्ग्या शरणार्थीको खोजी अन्त्य गरिएको छ । डुङ्गा पल्टेपछि त्यसमा झुन्डिएर जीवन बचाउन सफल ७५ जनालाई उद्धार गरिएको छ।"

आचेहस्थित स्थानीय खोज तथा उद्धार निकायका अधिकारी मोहम्मद फाथुर रचमानले भन्नुभयो, "वेपत्ता भनिएका यात्रुको सूची नभएको र घटनास्थल वरपरका स्थानमा खोजी गरिएको तर त्यहाँ थप व्यक्ति नभेटिएपछि उद्धार कार्य रोकिएको छ ।"रचमानले भन्नुभयो, "उनीहरू समुद्रमा फसेको ४८ घण्टाभन्दा बढी भइसकेको र अब उनीहरू जीवित पाइने सम्भावना क्षीण बनेको साथै वरपरका स्थानमा खोजी गर्दा कुनै सङ्केत फेला नपरेकोले समुद्रमा उनीहरूको खोजी गर्नु अर्थपूर्ण नहुने देखिएपछि उद्धार कार्यलाई रोकिएको हो।"

हप्तौँको सामुद्रिक यात्राका क्रममा इन्डोनेसियाली सामुद्रिक क्षेत्रमा पुगेका करिब १५० रोहिङ्ग्या शरणार्थी सवार रहेको अनुमान गरिएको काठको डुङ्गा बुधबार दुर्घटना भएपछि उद्धारको लागि गएको अर्को डुङ्गा पनि दुर्घटना भएको थियो। अत्यधिक उत्पीडनमा परेका म्यान्माका अधिकांश मुस्लिम रोहिङ्ग्याहरूले हरेक वर्ष लामो र महँगो समुद्री यात्रामा आफ्नो ज्यान जोखिममा राखेर हजारौँको संख्यामा मलेसिया वा इन्डोनेसिया पुग्ने प्रयास गर्छन्।

युएनएचसीआरका अनुसार नोभेम्बरको मध्यदेखि जनवरीको अन्त्यसम्म एक हजार ७५२ शरणार्थी इन्डोनेसियाको आचेह र उत्तरी सुमात्रा प्रान्तमा पुगेका छन्।

सयौं मानिस आश्रयस्थलमा बसिरहेका छन् ।संयुक्त राष्ट्रसङ्घीय निकायका अनुसार यमे संख्या सन् २०१५ यता मुस्लिम बहुल इन्डोनेसियामा पुगेका आप्रबासीको सबैभन्दा ठूलो संख्या हो।

# राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा गाजा युद्धविरामबारे मतदान हुँदै

**एएफपी**

संयुक्त राष्ट्रसङ्घ ।गाजामा युद्धविरामका लागि पटक-पटक गरिएको आह्वानलाई अवरुद्ध गर्दै आएको संयुक्त राज्य अमेरिकाले 'तत्काल युद्धविराम' को आवश्यकताबारे शुक्रबार संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा प्रस्तावको मस्यौदा पेश गर्ने भएको छ।

गत अक्टोबर ७ मा इजरायल-हमास युद्ध सुरु भएयता संयुक्त राज्य अमेरिकाले प्यालेस्टिनी क्षेत्रमा तत्काल युद्धविरामका लागि आह्वान गर्न विश्व निकायलाई रोक्न संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को भिटो प्रयोग गर्दै आएको छ।



फेब्रुअरीको अन्त्यमा अन्तिम भिटो पछि अमेरिकी अधिकारीहरूले बन्धकहरूको रिहाइको बदलामा छ हप्ताको युद्धविरामको लागि गाजामा भएका कूटनीतिक प्रयासहरूको पक्षमा केन्द्रित वैकल्पिक प्रस्तावमा छलफल गरिरहेका छन्।

युद्धविराम सम्झौताको प्रस्तावको पछिल्लो संस्करणमा 'सबै पक्षका नागरिकहरूको सुरक्षा गर्न, आवश्यक मानवीय सहायता प्रदान गर्न र मानवीय पीडा कम गर्न तत्काल र दिगो युद्धविरामको आवश्यकता' लाई उल्लेख गरिएको छ। त्यसैले प्रस्तावको पछिल्लो संस्करणले ' बाँकी रहेका सबै बन्धकहरूको रिहाइको सन्दर्भमा यस्तो युद्धविराम सुरक्षित गर्ने कूटनीतिक प्रयास'लाई जोड दिएको छ।

इजरायलको प्रमुख सहयोगी संयुक्त राज्य अमेरिकाको समर्थनलाई कम गर्न अन्तर्राष्ट्रिय समुदायबाट दबाब आइरहेको समय बुधबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले पछिल्लो प्रस्तावले 'कडा सङ्केत' दिएको बताउनुभएको छ । प्रस्तावमा बन्धकहरूको रिहाईसँग जोडिएको तत्काल युद्धविरामको आह्वान गरिएको र राष्ट्रसङ्घीय सुरक्षा परिषद्का सदस्य राष्ट्रहरूले यसलाई समर्थन गर्ने मा आफू विश्वस्त रहेको साउदी अरब भ्रमणका क्रममा विदेशमन्त्री ब्लिन्केनले बताउनुभएको थियो।

यद्यपि, प्रस्तावमा स्पष्ट रूपमा ' आह्वान' शब्द प्रयोग गरिएको छैन, बरु केवल युद्धविराम अनिवार्य छ भनेर उल्लेख गरिएको छ। रूसले प्रस्तावमा प्रयो गरिएको उक्त भाषालाई लिएर प्रस्तावलाई धेरै कमजोर भनेको छ ।संयुक्त राष्ट्रसङ्घका लागि रूसी उपराजदूत दिमित्री पोल्यान्स्कीले बिहीबार सञ्चारकर्मीसँग भन्नुभयो, "तत्काल युद्धविरामको माग नगर्ने कुनै पनि कुराबाट हामी सन्तुष्ट छैनौं ।"इन्टरनेसनल क्राइसिस ग्रुपका विश्लेषक रिचार्ड गोवनले अमेरिकाले अझै पनि कुनै पूर्वशर्तबिना युद्धविरामको माग गरिरहेको छैन।

तर अमेरिकाको यो सीमित परिवर्तनले पनि इजरायलीहरूलाई चिन्तित तुल्याउनेछ, किनकि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले संयुक्त राष्ट्रसङ्घलाई युद्धबारे कूटनीतिबाट पूर्णतया टाढा राख्न चाहनुहुन्छ। कूटनीतिक स्रोतका अनुसार, संयुक्त राज्य अमेरिकासँग अब यो प्रस्ताव पारित गर्नका लागि पर्याप्त मत १५ मध्ये कम्तिमा नौ मत छ, तर रूसले भिटो लगाउन सक्ने सम्भावना कायमै छ ।अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले यसलाई अङ्गीकार गर्न आफू आशावादी रहेको बताउनुभएको छ।

युद्धविरामका अतिरिक्त, प्रस्तावले ' गाजामा जनसांख्यिकीय वा क्षेत्रीय परिवर्तनको कुनै पनि प्रयासलाई अस्वीकार गर्दछ' र इजरायलविरुद्ध 'अक्टोबर ७ मा हमास नेतृत्वको आक्रमणसहित सबै आतङ्कवादी कार्यहरू' को निन्दा गर्दछ ।यदि यो प्रस्ताव पारित भएमा सुरक्षा परिषद्ले पहिलो पटक इजरायलमा करिब एक हजार १६० जनाको मृत्यु भएको हमासको आक्रमणको निन्दा गर्नेछ।

# राष्ट्रसङ्घद्वारा सिरिया सङ्कटका लागि चार अर्ब डलर सहयोगको आह्वान

**एएफपी**

बेरुत ।संयुक्त राष्ट्रसङ्घका एक अधिकारीले शुक्रबार सिरियाका लागि करिब चार अर्ब डलरको मानवीय सहयोगको अपिल गर्नुभएको छ । उहाँले कोष करिब अस्तित्वमा नभएको भन्दै सहयोगको कमीले थप सिरियालीहरूको पलायनलाई प्रेरित गर्ने चेतावनी दिनुभयो।

तेर्ह वर्षअघि सरकारविरोधी प्रदर्शनको दमनका साथ सुरु भएको सिरिया युद्धबाट पाँच लाख सात हजारभन्दा बढीको मृत्यु भएको छ, लाखौं मानिस विस्थापित भएका छन् र मुलुकको अर्थतन्त्र, पूर्वाधार उद्योग तहसनहस भएको छ। "सन् २०२४ मा हामीले सहायताको आवश्यकता भएका एक करोड ६७ लाख सिरियाली नागरिकमध्ये एक करोड आठ लाखको जीवन बचाउन सहयोग प्रदान गर्नका लागि चार अर्ब सात करोड डलरको अपिल गर्दैछौं", सिरियाका लागि संयुक्त राष्ट्रसङ्घका निवासी एवं मानवीय समन्वयक एडम अब्देलमौलाले भन्नुभयो, "मुलुकभरमा कम्तीमा एक करोड २९ लाख मानिस खाद्य असुरक्षामा छन्।"

मार्च १ मा यस वर्षको मानवीय प्रतिक्रिया योजना आवश्यकताहरूको 'केवल शून्य दशमलव ०२ प्रतिशत' कोषको व्यवस्था गरिएको भन्दै उहाँले यसको अर्थ 'जीवन बचाउने कार्यक्रम र सेवाहरू' मा कटौती गरिएको वा कम गर्दै गइरहेको छ भन्नुभयो। निष्क्रियताले कम्तीमा २५ लाख बालबालिकाले विद्यालयमा फर्कने अवसर गुमाउने छन् भन्दै अब्देलमौलाले प्रजनन उमेरका करिब २३ लाख महिलाले 'महत्त्वपूर्ण प्रजनन र मातृ स्वास्थ्य सेवामा पहुँच गुमाउन सक्ने' बताउनुभयो।



उहाँका अनुसार गाजा क्षेत्रमा प्यालेस्टिनी लडाकू समूह हमाससँग इजराइलको युद्धका कारण वैश्विक ढुवानी अवरोधले सिरियामा वस्तुको मूल्यमा वृद्धि र मुलुकमा लक्ष्यहरूविरुद्ध इजराइली हवाई आक्रमणमा 'उल्लेखनीय वृद्धि' भएको छ।सन् २०११ मा गृहयुद्ध सुरु भएदेखि नै इजराइलले सिरियामा सयौँ हवाई आक्रमण गरेको छ।

यसमा हिजबुल्लाहसहित इरान समर्थित बलहरूका साथै सिरियाली सेनाका स्थानहरूमा पनि निशाना बनाइएको छ। यद्यपि अक्टोबर ७ मा हिजबुल्लाहको सहयोगी हमाससँग इजराइलको युद्ध सुरु भएपछि आक्रमण बढेको छ।

"सिरियामा विमानस्थालहरूमा निशाना बनाउँदा मानवीय हवाई सेवाहरूमा पनि असर परेको छ, गत वर्ष हामीले ४९ वटा मानवीय उडानहरू रद्द गर्नुपर्यो", अब्देलमौलाले भन्नुभयो । उहाँले सिरिया सङ्कटलाई बेवास्ता गर्दा ' आतङ्कवादको पुनरुत्थान' र 'शरणर्थी फिर्तीका लागि अनुकूल परिस्थिति सिर्जना नगर्दा' लेबनान र जोर्डनजस्ता छिमेकी मुलुकलाई थप अस्थिर बनाउने जस्ता 'विनाशकारी' परिणामको सम्भावनाबारे चेतावनी दिनुभयो।

उहाँले युरोपमा बसाइँ सर्ने सम्भावनाको वृद्धिबारे पनि चेतावनी दिनुभयो। उहाँका अनुसार सन् २०२३ मा अघिल्लो वर्षको तुलनामा सिरियाबाट शरणका लागि दिइएको निवेदनमा '३८ प्रतिशतले' वृद्धि भएको छ।

# ईयूद्वारा रूसी खाद्यान्न आयातमा कर वृद्धि गर्ने तयारी

**एएफपी**

ब्रसेल्स । युरोपेली सङ्घ (ईयू) ले युक्रेनविरुद्धको युद्धमा रूसले प्रयोग गर्ने राजस्व सङ्कलनलाई रोक्न खाद्यान्न र त्यससँग सम्बन्धित आयातमा 'निषेधात्मक कर' लगाउने भएको छ ।युरोपेली आयोगको यो प्रस्ताव ब्रसेल्समा शुक्रबार हुने शिखर सम्मेलनका क्रममा ईयू नेतासमक्ष प्रस्तुत गरिएको हो।

व्यापार आयुक्त भाल्डिस डोम्ब्रोवस्कीसले भन्नुभयो, "किएभद्वारा स्वागत गरिएको थप प्रतिबन्धहरू अन्यत्र खाद्य आपूर्तिमा बाधा नपुगोस् भनी ईयूमार्फत अन्य बजारमा पठाउने रूसी अनाजमा लागू हुनेछैन।

" युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बिहीबार भिडियो लिङ्कमार्फत ईयू नेताहरूसँग रूसी खाद्यान्नको बजारसम्म 'निर्बाध' पहुँच कायम रहेको र युक्रेनी आयात सीमित रहेको गुनासो गर्नुभएको थियो । ब्रसेल्सले २७ राष्ट्र सदस्य रहेको ईयूमा रूसी सम्पत्ति रोक्का गरेको, राष्ट्रपति भ्लादिमिर पुटिनलगायत रूसी नेताहरूलाई लक्षित गरेको र व्यापारमा अङ्कुश लगाएपछि रूसको आर्थिक मामिलामा दबाब बढाउने प्रयास गरिरहेको छ ।युरोपेली आयोगले घट्दो आयको विरोधमा प्रदर्शन गरिरहेका युरोपका किसानहरूलाई सहुलियत बढाउँदै लगेको छ। घट्दो आयको एक हिस्साको रूपमा उनीहरूले युद्धग्रस्त युक्रेनबाट खाद्यान्न आयात नहुनुलाई दोष दिन्छन्।

आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयेनले बिहीबार अबेर राति भन्नुभयो, "प्रस्तावित करले रूसी खाद्यान्नलाई यी उत्पादनहरूमा ईयूको बजारलाई अस्थिर गर्नबाट रोक्नेछ।

"डोम्ब्रोवस्कीसले भन्नुभयो, "आजको प्रस्ताव समयानुकूल र आवश्यक कदम हो ।"युक्रेनमा रूसको चौतर्फी आक्रमणको लागि उसको भूगोललाई दिएको भन्दै ईयूले बेलारूसका उत्पादनहरूमा पनि कर लगाएको छ । आयोगका अनुसार सन् २०२३ मा युरोपेली सङ्घमा रूसी कृषि आयातमा वृद्धि भएपछि यो प्रस्ताव आएको हो।

डोम्ब्रोवस्कीसले भन्नुभयो, "यो करले आयातलाई 'व्यावसायिक रूपमा अव्यावहारिक' बनाउनेछ र 'अवैध रूपमा चोरी गरिएको युक्रेनी अनाज ईयूमा निर्यात गर्ने रूसी अभ्यासलाई रोक्न मद्दत गर्नेछ'।" उहाँले भन्नुभयो, "हामी विश्वव्यापी खाद्य सुरक्षा कायम राख्न सचेत छौं। यो उपायले रूसी र बेलारूसी अनाज उत्पादनहरूको तेस्रो देशहरूमा पारवहनलाई असर गर्दैन।"

विश्व व्यापार सङ्गठनको नियमअनुसार अहिलेसम्म सबै रूसी खाद्यान्नलाई ईयूको आयात शुल्कबाट छुट दिइएको छ ।रूसको अर्थतन्त्रको ठूलो हिस्सालाई लक्षित गरी प्रतिबन्ध लगाइए पनि विश्वव्यापी अनाज बजारलाई अस्थिर पार्ने र एशिया र अफ्रिकाको खाद्य सुरक्षालाई कमजोर पार्ने डरले ईयूले अहिलेसम्म कृषि वा मल क्षेत्रलाई लक्षित गरेको थिएन।

# किसान तरकारीखेतीमा आकर्षित

**सिमकोट** । हुम्लाको सिमकोट गाउँपाकि-४ हिल्दुम गाउँका पूरै किसान यतिबेला तरकारीखेतीमा व्यस्त छन् । झन्डै ५६ घरधुरी रहेको हिल्दुम गाउँका किसानले केही वर्ष यतादेखि गाउँमै तरकारी राम्रो फलाउँदै आएका छन् ।

सुरुमा गाउँका एक-दुई किसानले प्लास्टिकको घर (ग्रिनहाउस) निर्माण गरी तरकारीखेती गर्दै आएका थिए । पछिल्ला केही वर्षमा पूरै गाउँ नै तरकारी खेतीमा आकर्षित भएर राम्रो उत्पादन गर्दै आएको गुणनेवर इन्टर नेसनलका कृषि प्राविधिक जङ्गबहादुर शाहीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिले आफ्नो संस्थाले नौजना हिल्दुम गाउँका किसानलाई तरकारीखेतीका लागि प्लास्टिक, हजारी, रबरको पाइप, तरकारीको बीउ सहयोग गरेको छ ।"

हिल्दुम गाउँका किसानलाई विस्तारै तरकारीमा आत्मनिर्भर बनाउनेतर्फ लाग्ने भएको शाहीले बताउनुभयो ।

व्यावसायिक कृषि अँगालेका किसान मेहनत अनुसारको कमाईबाट सन्तुष्ट छन् । कृषि गर्नेमा अधिकांश पाका उमेरका छन् । बेलाबखत पाइने तालिम, अनुदान र उपकरण



सहयोगले पनि किसानलाई तरकारीखेतीमा प्रोत्साहन मिल्ने गरेको शाहीले बताउनुभयो ।

हिल्दुम गाउँमा उत्पादित तरकारी खपत हुने मुख्य बजार सदरमुकाम सिमकोट हो । तरकारीसँगै अन्नबाली, खेत खनजोत, गाईवस्तु, र मौरीपालनमा समेत किसान व्यस्त छन् । तरकारीखेतीबाट आफ्नो परिवारको जीविका चलेको स्थानीय महिला धुनसुब्बा सुनारले बताउनुभयो । तरकारीमा साग, काउली, बन्दा, धनीयालगायत उत्पादन गर्दै आएको सुनारले जानकारी दिनुभयो ।

कृषक सुनारले भन्नुभयो, "एक डोको साग र धनियाँ सदरमुकाम सिमकोटमा बिक्री भयो भने रु एक हजार दुई सयदेखि एक हजार पाँच सयसम्म आम्दानी हुने गर्दछ ।" दैनिक बिक्री गर्न पाए आम्दानी राम्रो हुने सुनारको भनाइ छ । हप्ताको तीन-चार दिन तरकारी बिक्री गर्न सदरमुकाम सिमकोट पुग्ने गरेको उहाँले बताउनुभयो ।

बालबच्चाको कापीकलमदेखि घरमा नुन, तेल किन्न पुगेको सुनारले बताउनुभयो । तरकारीखेती गर्दा रोग लागेमा स्थानीय प्रविधिबाट औषधि बनाएर रोग नियन्त्रण गर्ने गरेको बताउनुभयो । स्थानीय सकुन्तला शाही पनि कृषि काममा व्यस्त हुनुहुन्छ । उहाँ यतिबेला ग्रिनहाउसमा तरकारी फलाउनमा व्यस्त देखिनुभएको छ । हिउँदको समयमा गाउँमा उत्पादित तरकारीले बजार राम्रो पाउने गरेको कृषक शाहीको भनाइ छ ।

वर्षायाममा सबैले तरकारी खेती गरेर उत्पादन गर्ने हुने हुँदा खपत कम हुने गरेको शाहीले बताउनुभयो । हिउँद याममा आफूजस्ता किसानका लागि आम्दानीको स्रोत राम्रो हुने गरेको उहाँले बताउनुभयो । आजभोलि सदरमुकाममा लिएर एक मुठा साग र धनियाँको रु ३० र काउली तथा बन्दाको रु ४० मा बिक्री गर्दै आएको उहाँको भनाइ छ । एक दिनमा रु दुई हजारसम्म आम्दानी हुने गरेको शाहीले बताउनुभयो ।

हिल्दुम गाउँका किसानले कसैले विभिन्न कृषिसम्बन्धी काम गर्ने सङ्घसंस्थाबाट प्लास्टिकका पाल सहयोग पाएका छन्भने कसैले आफ्नै व्यक्तिगत खर्चमा लगानी गरेर पाल किनेर तरकारीखेती गरेका छन् । गाउँका सबैले यतिबेला आफ्नो घर अगाडि रहेका खेतबारीमा तरकारी फलाउँदै आएका छन् । गाउँमा फलाएको तरकारी बिक्री गर्न सदरमुकाम सिमकोट लैजान ३० मिनेट समय लाग्ने गरेको छ । गाउँमा सडकले नछोएको भए पनि डोकोमा बोकेर तरकारी बिक्री गर्न किसान सिमकोट पुग्ने गर्दछन् । युवा पुस्तामा तरकारीखेतीको आकर्षण नदेखिए पनि गाउँमा रहेका उम्मेर छिपिएका महिला तथा पुरुषले यो व्यवसाय गर्दै आएका छन् । गाउँमा सिँचाइ नभए पनि वर्षायाममा यहाँका किसानले आकाशे पानीको भरमा तरकारी फलाउँदै आएका छन् ।

कृषकले हिउँदयाममा भने प्लास्टिकको घर निर्माण गरी तरकारी फलाउँछन् । जिल्लाका अन्य बस्तीमा कमै मात्र किसान तरकारीखेतीमा लागेको पाइन्छ । हिल्दुम गाउँका ५६ घरधुरी सबै तरकारी फलाउँछन् । गाउँमा फलेको साग, धनियाँ, काउली, बन्दाले सदरमुकाम सिमकोटमा राम्रो बजार पाउनाका साथै बिक्री हुने गरेको छ ।रासस

# पानी परेपछि किसान खुसी

**टुडे समाचारदाता**

जलेश्वर । पानी परेपछि महोत्तरीलगायतका किसानहरुको मुहारमा खुसी छाएको छ ।

मन्दमन्द परेको पानीले रुखो जग्गाको माटो मज्जाले गलेपछि अब खनजोत गर्न पाइने भएका छन् । पानीबिना ओइल्याउँदै गएका वैशाखी तरकारीका बोट र लहरा अहिले एक/दुई दिनमै लहलहाएका छन् ।

पूरै हिउँद पानी नपरी बित्दा छट्पटिएका किसानमा अब बालीनाली अनुकूल हुने आशा जागेको छ ।

फलफूलखेतीका किसानले पनि पछिल्लो वर्षा अमृत बनेको प्रतिक्रिया दिएका छन् । "पात र हाँगा नदेखिनेगरी आँपको मुजुवा फूल फुल्ने बर्दिबास-९ पशुपतिनगरका किसान सुरजसिंह कुशवाहा बताए । उनले यस पानीले गर्दा यसपटक आँप बढी फल्ने सम्भावना रहेको बताए ।

पछिल्लो वर्षाले जालो, धब्बा पखाल्नसँगै जरामा पर्याप्त चिस्यान पुगेको हुँदा मधुवा (डढुवारोग) को प्रकोप पनि कम हुने किसानको विश्वास छ । अहिलेको वर्षा राम्ररी टिकोला लाग्न, टिकोला बढाउन, डाँठ दह्रो बनाउन अमृत नै भएको किसानहरुको भनाइ छ । पानी परेलगत्तै फलफूलका रूख फेरिएपछि किसानले राहत महसुस गरेका छन् ।

जिल्लामा बर्दिबास नगरपालिकाका-३, ४, ५, ७, ९, १०, ११, १२ र १३ का ४० भन्दा बढी बस्ती फलफूल र तरकारीखेतीका पकेट क्षेत्र मानिन्छन् । यसैगरी, गौशाला, भंगाहा, मटिहानी, बलवा, मनराशिशवा र पिपरासहितका स्थानीयतहका बस्तीमा फलफूल खेती निकै छ । पछिल्लो वर्षाले खासगरी आँप र लिचीलाई अमृतकै काम गरेको छ ।

यसपालि अहिले पाइएको वर्षाको अनुकूलता पाइरहे आँप, लिच्चीबाट अपेक्षित उत्पादन लिइने ठाकुर बताउनुहुन्छ । पछिल्लो वर्षाले वैशाखी तरकारी (वैशाखमा उत्पादन लिइने मौसमी) खेतीका लागि निकै राहत मिलेको किसानको भनाइ छ ।

माटोमा चिस्यान नहुँदा तरकारीका बेला (लहरा) र बोट कक्रिँदै गएका बेला परेको पानी अमृत भएको छ । "पूरै हिउँद पानी नपर्दा माटो रुखिएर तरकारीका बेला (लहरा) फैलन सकेका थिएनन्", गौशाला-१० का किसान अरुण कुशवाहा भन्छन्, "यो पछिल्लो पानीले अब बग्रेल्ती चिचिला लाग्नेछन् ।" फलफूल र तरकारीबाहेक उखुका लागि पनि पछिल्लो वर्षा अमृत भएको किसानको भनाइ छ । जिल्लामा पाँच हजार हेक्टर फलफूलखेती र त्यसैको हाराहारीमा वैशाखी तरकारीखेती रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

पछिल्लो वर्षाले गहुँका बालामा पनि पोटिलो दाना लाग्ने किसानको भनाइ छ । यसैगरी, अरहर (रहरी), मुसुरोलगायत दलहनका बोट पनि हरिया भएका छन् । जताततै बुङ्बुङ्ती उड्ने धुलोबाट राहत दिनसँगै ह्वात्तै बढेको गर्मी घटाएर पछिल्लो वर्षाले वातावरण शीतल बनाएको छ ।

राम्ररी पानी परेर आकाश उघ्रेपछि अब खेतीपातीका काम गर्न सहज हुने किसानको भनाइ छ । पछिल्लो वर्षाले खेतबारीको माटोमा पर्याप्त चिस्यान भएपछि अब मकै छर्ने, बर्खे कोदो र धानको ब्याड राख्ने काम सुरु गर्न सकिने किसान बताउँछन् । धान काटेपछि चिस्यान नभएर खनजोत गर्न नसकिएको खेत अब जोत्न सकिने भङ्गाहा-६ हतिसर्वाको झपौल बस्तीका इस्लाम राइन बताउछन् । यसअघि चिस्यान नभएर रुखिएको बाँझो जग्गा अब खनजोत गरी बर्खे बाली लगाउने तयारी गरिने किसानले बताएका छन् ।

पछिल्लो वर्षाले पशुपालक किसान पनि रमाएका छन् । अब चरन क्षेत्रमा नयाँ घाँस पलाउने किसान बताउँछन् । अब यसअघि माटो रुखिएर मरेको दुबो र अन्य घाँस पलाएपछि केही दिनभित्रै पर्याप्त चरन हुने भङ्गाहा-४ रामनगरका भैंसीपालक किसान जुगल सदा मुसहर बताउछन् ।

यो वर्षाले वन क्षेत्रका पातपतिङ्ग मज्जाले भिजाएको हुँदा अब डढेलो पनि पहिलेजस्तो नफैलने वन क्षेत्र नजिकका बासिन्दाको भनाइ छ । यसपालि फागुन मध्यदेखि नै बढेको डढेलोले वन सखाप पारेको छ । एक सातापहिले गौशाला-१२ मा घाटगद्दी गरिएका रु १५ लाखभन्दा बढी मूल्यका काठ डढेलोको चपेटामा परी खरानी बनाएको छ ।

# चिनियाँ व्यवसायीद्वारा एक लाख किलो चिया अर्डर



**इलाम** । अनुगमन तथा भ्रमणका लागि यहाँ आएका चिनियाँ चिया व्यवसायीले इलामका विभिन्न चिया उद्योगमा एक लाख किलोग्रामभन्दा बढी चिया अर्डर गरेका छन् । चिया बगान र उद्योगको भ्रमणपछि उनीहरुले सो बराबरको चिया अर्डर गरेका हुन् ।

इलाम नगरपालिका र इलाम उद्योग वाणिज्य सङ्घसँगको पहलमा केही दिनअघि चिनियाँ चिया व्यवसायी यहाँ आएका थिए ।

उनीहरुलाई यहाँ ल्याउनका लागि चिया व्यवसायी चिरन दाहालले समन्वय गर्नुभएको थियो । सो अवसरमा चिनियाँ व्यवसायी र यहाँका चिया व्यवसायी तथा किसानबीच चिया खरिद, चीनमा चिया निर्यातको सम्भावनालगायतका विषयमा छलफल भएको दाहालको भनाइ छ । चिनियाँ व्यवसायीले चियाबारी र उद्योगकोसमेत स्थलगत अनुगमन गरेका छन् ।

सो अवसरमा चिनियाँ व्यवसायीले देउमाई र इलाम नगरपालिकाका विभिन्न चिया उद्योग र चिया किसान भेटघाट गरेका थिए ।

उद्योग वाणिज्य सङ्घ इलामका अध्यक्ष चेतनाथ पौडेल कृष्णले एक महिनाअघि पाँच जना चिनियाँ व्यवसायीले यहाँ आएर अनुगमन गरेको र अहिलेसो परिमाणमा चिया अर्डर गरेको बताउनुभयो । चियाको पहिलो टिपाइ सुरु हुनै लाग्दा चीनबाट आएको व्यवसायीको टोलीले अवलोकनपछि चिया अर्डर गरेपछि नयाँ उत्साह प्राप्त भएको उहाँको भनाइ छ ।

इलाम नगरपालिकाले यसअघिदेखि नै यसका लागि पहल गरिरहेको नगरपालिकाका प्रमुख केदार थापाले बताउनुभयो । चिनियाँ व्यवसायीहरुले नेपाली चियाको गुणस्तर निकै राम्रो भएको प्रतिक्रिया दिएका थिए । नेपालमा उत्पादन भएको चिया ८० प्रतिशत भारतमा निर्यात हुने गरेकोमा अब चीनमा पनि निर्यात हुने आशा पलाएको छ ।रासस

# मकैखेतीमा किसानको आकर्षण बढ्दै

**टीकापुर** । पछिल्लो समय कैलालीका किसान मकैखेतीमा आकर्षित हुन थालेका छन् । तोरी बाली टिपेपछि तेस्रो बालीका रुपमा यस क्षेत्रका किसानले मकै खेती गर्ने गरेका हुन् ।

मकैखेती खाद्यान्नका साथै वस्तुभाउलाई दाना र घाँसका रुपमा प्रयोग गर्न सकिने भएकाले किसानको रोजाइमा पर्न थालेको स्थानीय बताउँछन् । सिँचाइ सुविधा भएका ठाउँका अधिकांश किसानले मकैखेती गरिरहेका छन् ।

यस वर्ष टीकापुर र जानकीका एक सय १५ किसानलाई मकैखेतीका लागि रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यान्वयन इकाइले सहयोग गरेको छ । यसबाहेक आफ्नै लगानीमा खेती गर्ने किसानको संख्या पनि बढिरहेको इकाइ कार्यालयले जनाएको छ ।

टीकापुरका परम रेग्मीले पाँच कट्ठा जमिनमा खेती गर्नुभएको छ । दुईवटा भैंसी पाल्नुभएका परमलाई मकै खेती गर्दा पशुपालनमा सहज भएको छ । "तोरीपछि मकै लगाएको छु । बारीबाट भैंसीका लागि घाँस, दानाको समेत जोहो भइरहेको छ", उहाँले भन्नुभयो, "बचेको मकै बिक्री हुन्छ । अब गर्मी मौसममा हरियो घोगा बारीबाटै बिक्री हुन्छ ।"

मकैको बजार सहज, खाना तथा पशुका दाना बनाउन, हरियो घोगा बेचेर नगद आम्दानी गर्न सकिने भएकाले किसानको रोजाइमा पर्न थालेको इकाइका वरिष्ठ बाली विकास अधिकृत कमल तामाङले बताउनुभयो । "दानाका रुपमा पशुलाई खुवाउन अत्यधिक प्रयोग हुन थालेको छ", उहाँले भन्नुभयो, "पहिला रु २० देखि रु



२५ मा बिक्री हुनेमा अहिले रु ३५ देखि रु ४० सम्म पर्छ ।"

यस वर्ष रानी जमरा कुलरिया सिँचाइ आयोजनाको सहयोगमा एक सय तीन हेक्टर जमिनमा मकै खेती भइरहेको छ । बाह्र हेक्टरमा हाइब्रिड जातको र ९१ हेक्टरमा वसन्ते जातको मकै खेती गरिएको इकाइका बाली विकास अधिकृत तामाङले बताउनुभयो । प्रतिकिसानले न्यूनतम १५ कट्ठादेखि छ हेक्टरसम्म खेती गरेका उहाँले जानकारी दिनुभयो । "दुई बाली स्याहारिसकेपछि मकैखेतीमा किसान लागिरहेका छन्", तामाङले भन्नुभयो, "उत्पादित मकै बिक्रीका लागि बजारको अभाव छैन । भारतमा समेत निर्यात हुने भएकाले किसान आकर्षित हुन थालेका छन् ।"

मकैखेती गर्नका लागि किसानलाई आयोजना कार्यालयले बीउ, पोषक तत्व र यान्त्रिकीकरणमा सहयोग गरिरहेको बाली विकास अधिकृत तामाङले जानकारी दिनुभयो । बीउ रोप्ने मेसिन (प्लान्टर), गोड्मेल गर्ने मिनी टिलर र दाना छोडाउने मेसिन सहयोग गरिएको उहाँले बताउनुभयो । "उत्पादन प्रयोजनार्थ प्रयोग हुने सामग्री तथा आवश्यक उपकरण, परामर्शलगायत सहयोग गरिरहेका छौँ", उहाँले भन्नुभयो, "किसानको मागअनुसार मकै गोडमेल गर्ने मिनी टिलर उपलब्ध गराउँदै आएका छौँ ।" राम्रो आम्दानी हुने भएकाले किसानले अनुदान सहयोग र आफ्नै लगानीमा अरुण, रामपुर कम्पोजित, राजकुमार पाइनेरियमलगायत जातका मकैखेती गर्ने गरेका छन् ।रासस

# नौ महिनामा ११३ घरेलु उद्योग बन्द

**गोरखा** । विगत नौ महिनाको अवधिमा गोरखा जिल्ला भित्र सञ्चालित साना तथा घरेलु उद्योग बन्द हुने क्रम बढदै गएको छ । कोरोना महामारीपछि खुलेका ती उद्योग नाफा कमाउन नसकेपछि बन्द हुन् ।

घरेलु उद्योग कार्यालय गोरखाका प्रमुख सूर्य भुजेलका अनुसार २०८० साउनदेखि फागुन मसान्तसम्म एक सय १३ साना तथा घरेलु उद्योग बन्द भएका छन् । बन्द भएका मध्ये बाणिज्यतर्फका ७३ र उद्योगतर्फ पर्यटनमुलक, सेवामुलक र उत्पादनमुलक क्षेत्रका ६० उद्योग रहेका छन् । "उद्योग बन्द गरेर वैदेशिक रोजगारीमा जाने क्रम बढेको पाइएको छ", उहाँले भन्नुभयो- "व्यापार घाटामा जानुका साथै पूँजी चलायमान नहुँदा उद्योग बन्द हुन थालेका हुन् ।"



अधिकांश युवा स्वदेशमा राम्रो कमाइ भएन भनेर विदेशिने गरेका छन् । युवा विदेश पलायन हुँदा स्थानीय उद्योगमा काम गर्ने जनशक्ति अभाव हुने गरेको छ । कार्यालय प्रमुख भुजेल साना उद्योग बन्द हुनुमा आन्तरिक बसाइँसराइ पनि प्रमुख कारण भएको बताउनुहुन्छ । कोरोना सङ्क्रमणले थलिएको अर्थ व्यवस्था उकास्न बैंक तथा बित्तय संस्था र लगानीकर्ताबाट सहज ऋण लगानीको वातावरण नहुँदा पनि साना तथा घरेलु उद्योग बन्द हुने क्रम बढेको उहाँको भनाइ छ ।

" पूँजी भएका पनि घाटा हुने डरले लगानी गर्न चाहँदैनन", प्रमुख भुजेलले भन्नुभयो- "एकातिर दोहोरो कर प्रणाली अनि अर्कोतर्फ व्यापार व्यवसाय गर्न कोहीले पनि ऋण लगानी गर्न नचाहेपछि उद्योगीले उद्योग बन्द गर्न थालेका हुन् ।" साना लगानीका उद्योग सञ्चालन गर्दा उद्योगीले स्थानीय तहमा पनि दर्ता गर्नुपर्ने र कर तिर्नैपर्ने बाध्यता भएको उहाँले बताउनुभयो । "यसले लगानीकर्तालाई निरुत्साहित बनाएको छ", उहाँले भन्नुभयो ।

चालु आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्ममा कार्यालयमा सात हजार दुई सय साना उद्योग दर्ता भएका छन् । दर्ता भएकामा पाँच हजार आठ सय ९३ वाणिज्य तर्फका साना उद्योग रहेका कार्यालयका सूचना अधिकारी सम्सुद्धिन मियाँले जानकारी दिनुभयो । कार्यालयले जिल्ला भित्र रु १५ करोडसम्म लगानी गरेका उद्योगलाई दर्ता गर्दै आएको छ ।रासस


सुखीपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखीपुर, सिरहा
मधेश प्रदेश

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति :- २०८०/१२/१०)

यस कार्यालयद्वारा मिति २०८०/१०/१७ गतेका दिन "जनकपुर टुडे" राष्ट्रिय दैनिक पत्रिका र PPMO's e–GP System www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वान गरिए बमोजिम निर्धारित समयावधि भित्र रीतपुर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताले पेश गरेको कबोल अंक न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | विवरण | बोलपत्र दाताको नाम, ठेगाना | कबोल अंक(पि.एस. तथा मु.अ.क. समेत) |
|---|---|---|---|---|
| १ | SM/W/01/080/081 | Construction of 15 Bed Municipal Hospital Bulding, Sukhipur Municipality 8, Siraha | BijayaSirjanaNirmanSewa Pvt.Ltd. Baneshwor–10, Kathmandu | Rs. 189,517,744.66 |
| २ | SM/W/02/080/081 | Construction of Healthpost Bulding, Sukhipur Municipality 2,3,5,7,9 &10 Siraha | BijayaSirjanaNirmanSewa Pvt.Ltd. Baneshwor–10, Kathmandu | Rs. 73,841,393.16 |

प्रमुख प्रशासकीय अधिकृत

# कृषिमा रुपान्तरण प्रविधिको विकासमा मुख्यमन्त्री यादवको जोड



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले कृषिको मुख्य आधार क्षेत्र मधेश प्रदेश रहेकाले यसप्रति मधेश कृषि विश्वविद्यालयले वैज्ञानिक खेतीपातीका लागि खोजवीन गर्नुपर्ने बताएका छन् ।

जनकपुरधाममा शुक्रबार मधेश कृषि विश्वविद्यालयको तेस्रो विश्वविद्यालय सभामा बोल्दै मुख्यमन्त्री यादवले मधेशमा स्थापित कृषि विश्वविद्यालयले यस प्रदेशका किसानहरुको हकहितलाई ध्यानमा राख्दै जीविकोपार्जनमुखी व्यवसायिक तथा वैज्ञानिक व्यवस्थामा आधारित कृषिमा रुपान्तरण गर्नका लागि प्रविधिको विकासमा जोड दिन निर्देशन दिए ।

तेस्रो विश्वविद्यालय सभामा मुख्यमन्त्री यादवले मधेश कृषि विश्वविद्यालयका पदाधिकारीहरुलाई वैज्ञानिक खेतीका लागि उन्नत बाली र प्रविधिको विकासमा जोड दिन निर्देशन दिए ।

मुख्यमन्त्री यादवले भने, 'हाम्रो मुलुक नै कृषि प्रधान हो, त्यसमा पनि मधेश प्रदेशको मूल अर्थव्यवस्था नै कृषिमा आधारित छ । तसर्थ हाम्रो गौरवको योजनाको रुपमा रहेको मधेश कृषि विश्वविद्यालयले माटो सुहाँउदो प्रविधिको विकास गर्नुको विकल्प छैन ।'

कृषिको विकास बिना मधेश प्रदेशको विकास सम्भव नरहेकोले प्रदेश सरकारले कृषि विश्वविद्यालयको स्थापना गरेको उनले स्पष्ट पारे ।

सो विश्वविद्यालयले पछिल्ला दिनमा गरेका कार्यहरुको अनुमोदन गर्नुको साथै आगामी दिनमा विश्वविद्यालय संचालनलगायतका कार्यमा आवश्यक पर्ने नीति नियमहरु पारित गरेको छ ।

सो विश्वविद्यालयका कुलपतिसमेत रहेका मुख्यमन्त्री यादवको अध्यक्षतामा भएको सभामा मुख्यन्यायाधिवक्ता वीरेन्द्र ठाकुर, सभाका सदस्यहरु नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुराम चौधरी, जागेश्वर यादव, डा. प्रकाश कुमार यादव, कृषि वैज्ञानिक उर्मिला साह, शिक्षा तथा संस्कृति मन्त्रालयका पूर्वसचिव महेन्द्र महतो, प्रा. डा. कन्हैया प्रसाद सिंह, उपकुलपति डा. वैद्यनाथ महतो, रजिष्ट्रार भगवान ठाकुरलगायतका सदस्यहरुको उपस्थिति रहेको थियो ।

# जनकपुरधाममा महामुर्खको खोजी हुँदै




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा महामुर्खको खोजी सुरु भएको छ । होली पर्वको अवसरमा आयोजना गरिने होली महोत्सवमा महामुर्ख पदवी प्रदान गर्ने यहाँको चलन छ । मिथिला नाटयकला परिषद् (मिनाप)ले प्रत्येक वर्ष धुमधामसँग मनाउँदै आएको दुई दिवसीय होरी(होली) महोत्सवमा आयोजना गरिने महामुर्ख सम्मेलनका लागि महामुर्खको खोजी सुरु गरिएको मिनापका अध्यक्ष परमेश झाले बताए ।

महामुर्ख सम्मेलन देशैभरि प्रसिद्ध छ । मिथिला नाट्य कलापरिषद् (मिनाप)ले प्रत्येक वर्ष सम्मेलन आयोजना गर्दै आएको छ । मिनापले प्रत्येक वर्ष मिथिला क्षेत्रबाट उच्च तहको बौद्धिक काम गर्ने एक जनालाई महामुर्खसहित विभिन्न व्यङ्ग्यात्मक पदवीबाट सामाजिक सम्मान गर्ने चलन छ ।

आपसी भाइचाराका रुपमा लिइएको होली पर्व जनकपुरधाममा हिन्दूसँगै विभिन्न धर्ममा आस्था राख्नेहरुले सँगै मनाउँछन् । मिथिलामा वसन्त पञ्चमीको आगमनसँगै होली गीत गाउन सुरु गरिन्छ । तर अहिले आएर ग्रामीण इलाकामा फागु गीत गाउनेमा कमी हुन थालेपछि लोपोन्मुख फागु गीतलाई जगेर्ना गर्ने मिनापले करिब तीन दशकदेखि होरी महोत्सवको आयोजन गर्दै आएको छ ।

फागुपूर्णिमाको पूर्वसन्ध्यामा आयोजना हुने दुईदिने होली महोत्सवको पहिलो दिन फागु गीत प्रतियोगिता तथा दोस्रो दिन महामूर्ख सम्मेलनको आयोजन गरिन्छ । मिनापका अध्यक्ष झाले मैथिली भाषा, साहित्य, कला, संस्कृति तथा लोकगीतको संरक्षण गर्न होली महोत्सव आयोजना गरिएको बताए ।

फागु गीत प्रतियोगितामा धनुषा, महोत्तरी, सिरहा, सप्तरी र सर्लाहीका ग्रामीण समूह सहभागी हुने गरेका छन् । महोत्सवको दोस्रो दिन आयोजन हुने महामूर्ख सम्मेलनमा समाजका अगुवा व्यक्तित्वलाई विशेष मानपदवी प्रदान गर्ने चलन छ । सोअन्तर्गत महत्वपूर्ण व्यक्तिलाई महामुर्खको उपाधि प्रदान गरिन्छ । सोअन्तर्गत महामुर्ख तथा अन्य उपाधिकर्तालाई मिथिलामा उत्पादित तरकारीको माला लगाइदिने चलन छ ।

महामूर्ख सम्मेलन नेपालको विभिन्न स्थानमा हुँदै आए पनि जनकपुरधाममा यसले निकै उचाइ पाएको छ । तर यसको प्रारम्भ वीरगञ्जबाट भएको छ । मैथिली साहित्य परिषद् वीरगञ्जले पहिलो पटक २०५० सालमा सम्मेलनको आयोजना गरेको थियो । पहिलो पटकको महामूर्ख लाला माधवेन्द्रजीलाई प्रदान गरिएको थियो ।

सम्मेलनको परिकल्पनाकारमध्ये एक रहेका मैथिली साहित्य परिषद्का पूर्वमहासचिव एवं चर्चित पत्रकार चन्द्र किशोर झा भन्छन्, "विसं २०४६ सालमा बहुदल आएपछि राजनीतिकरुपमा परिवर्तन भयो । यस परिवर्तनमा सामाजिक तथा साहित्यिक क्षेत्रका व्यक्तिहरुको योगदानको आवश्यकता थियो, यस्तो अवस्थामा सम्मेलनको अवधारणा आएको छ ।"

विसं २०६१ देखि जनकपुरधाममा महामूर्ख सम्मेलनको आरम्भ गरिएको थियो । विसं २०६१ मा महामूर्खको उपाधि मैथिली कवि नरेश ठाकुर, विसं २०६२ मा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी(एमाले) का नेता शीतल झा, २०६३ मा तत्कालीन जनकपुर नगरपालिकाका प्रमुख हरिबहादुर विसी, २०६४ मा तत्कालीन सद्भावना पार्टीका नेता ओमकुमार झालाई प्रदान गरिएको थियो । साथै २०६५ सालमा वरिष्ठ साहित्यकार डा राजेन्द्र विमल, २०६६ मा पूर्वमन्त्री रामचन्द्र झा, २०६७ मा नेपालका चर्चित राजनीतिक विश्लेषक सिके लाल, २०६८ मा साहित्यकार रामभरोष कापडी भ्रमर, २०६९ मा नेपाली कांग्रेसका नेता रामसरोज यादव, २०७० मा तमलोपाका वरिष्ठ नेता डा विजयकुमार सिंह, २०७१ मा नेता शत्रुधन महतो, २०७२ मा श्मशानघाटको स्वरूप परिवर्तन गरी आधुनिक स्वर्गद्वार बनाएर चर्चा बटुलेका पवन सिँघानीयालाई प्रदान गरिएको थियो ।

विसं २०७३ मा सप्तरीको मलेठमा एमालेले गरेको मेची-महाकाली अभियानका क्रममा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएपछि अन्तिम समयमा मिनापले सो कार्यक्रम स्थगित गरेको थियो । विसं २०७४ मा महामूर्खको उपाधि तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल र विसं २०७५ मा जसपाका नेता जनकपुरधाम उप महानगरपालिकाका पूर्व मेयर लालकिशोर साहलाई प्रदान गरिएको थियो ।

त्यस्तै विसं २०७६ मा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, २०७७ सालमा महजोडी मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य एवं २०७८ सालमा अर्थविद् डा भोगेन्द्र झालाई महामूर्खको उपाधि प्रदान गरिएको थियो भने २०८० को महामुर्खको उपाधि जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहलाई प्रदान गरिएको थियो ।

महामूर्खको छनोट कसरी हुन्छ धेरैको उत्सुकताको विषय हुनसक्छ । महामूर्ख सम्मेलनको आयोजक मिथिला नाट्यकला परिषद्का पूर्वअध्यक्ष मदन ठाकुर भन्छन्, "महामूर्खको छनोटका लागि एक समिति गठन गरिन्छ । सोही समितिले महामुर्ख छनोट गर्छ ।"

जनकपुरधामका स्थानीय पत्रिकामा एक हप्ता पहिलादेखि यसबारे चर्चा सुरु हुन्छ । वरिष्ठ पत्रकार तथा सहित्यकार हिमांशु चौधरी भन्छन्, "महामूर्ख जनकपुरधामको एउटा लोकप्रिय कार्यक्रम हो । यसलाई सञ्चारमाध्यमले महत्वका साथ स्थान दिएको पाइन्छ ।" महामुर्ख बन्नका लागि मानिसहरु कामना गर्ने उनको भनाइ छ ।

विसं २०६५ का महामूर्खको उपाधि प्राप्तकर्ता एवं मैथिलीका वरिष्ठ साहित्यकार डा राजेन्द्रप्रसाद विमल भन्छन्, "उपाधि प्राप्त गर्नु आफैँमा ठूलो उपलब्धि हो ।"

मिथिला नाट्यकला परिषद्ले प्रत्येक वर्ष महामूर्खसहित १५ जनालाई १५ वटा पदवी प्रदान गर्दै आइरहेको छ । त्यसमध्ये सबभन्दा बढी चासोका साथ महामूर्खको उपाधिलाई हेरिन्छ । सोहीअनुरूप यस वर्ष पनि यस पदवीका लागि विभिन्न आकाङ्क्षीको नाम चर्चामा छ ।

# मिटरब्याजसम्बन्धी समस्या समाधान गर्न कार्कीको नेतृत्वमा आयोग गठन



**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले मिटरब्याजसम्बन्धी समस्या समाधान गर्न नयाँ आयोग गठन गरेको छ ।

मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले अनुचित लेनदेन (मिटरब्याज) अपराध नियन्त्रणका लागि तीन महिनाभित्र सुझावसहितको प्रतिवेदन पेश गर्न उच्च अदालतका पूर्वन्यायाधीश तेजबहादुर कार्कीको अध्यक्षतामा जाँचबुझ आयोग गठन गर्ने निर्णय गरेको छ ।

आयोगको सदस्यमा पुष्कर कार्की र सञ्जीव मिश्र रहेको सरकारको प्रवक्ता समेत रहेकी सूचना तथा सञ्चार प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् । यसअघि पनि सरकारले गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरेको थियो । सो आयोगको प्रतिवेदनले सम्बोधन गर्न नसकेको विषयलाई पनि समेट्ने गरी सरकारले नयाँ आयोग बनाएको छ ।

# फगुवामा हुडदङ



ब्लग :



**श्यामसुन्दर शशि**

## पृष्ठभूमि

आदिमानव सघनवन, अन्ध्यारो गुफा तथा खुला आकाश मुनि बस्थे । असुरक्षित वास स्थान, जंगली जनावरहरुको संत्रास, वर्षा, गर्मी, जाडो, खाद्य संकट आदिको समस्या त थिएनै, प्रकृतिको संत्रास पनि त्यतिकै थियो । जे भए पनि प्रकृति संग पाठो-जोडी खेल्दै मानव विकासको थालनी भयो । आदिमानवको पहिलो मित्र र शत्रु प्रकृति नै थियो । प्रकृति अर्थात आँखा सामु दृष्टिगोचर हुने सूर्य, चन्द्रमा, आकाश, रुख, चरा, घाम, पानी, जाडो, गर्मी आदि । प्रकृतिमा हुने सम-सामयिक परिवर्तन मानवको मनमा कौतुहलता, हर्ष, विषाध उत्पन्न गर्थे । सूर्योदय संगै मख्ख पर्ने मनुवाहरु सूर्यास्त संगै चिन्तित हुन्थे । रुख, चरा-चुरुगी र जनावरको वंशवृद्धि हुँदा मख्ख पर्थे भने मृत्यु, पतझड, हुरी-वतास, बाढी, भूकम्प आदि देखेर भयभीत हुन्थे । खेती यामको पानी, वसन्त ऋतुमा फूल फुल्दा हर्षित हुन्थे । प्रकृतिमा हुने सम-सामयिक परिवर्तनले मानिसमा खुशी हुन सिकायो । दुःखी हुन सिकायो अनि यसरी सुख-दुखलाई सार्वजनिक गर्न एक आपसमा बाँड्न पर्व-त्यौहार मनाउन सिकायो । आदिमानवहरु प्रकृतिलाई सृष्टिको श्रोत मान्थे । अनि प्राकृतिक विपदाबाट भय मुक्तिका लागि प्रकृतिसंगै प्रार्थना गर्दथे । दुःख विपदाबाट भय मुक्त गरी दिन यजुर्वेदमा यसो भनिएको छ-

*यतो यतः समीह से ततो नो अभयं कुरु ।*
*शन्न कुरु प्रजोभ्यो भयं न : पशुम्य :*

यसरी के देखिन्छ भने मानिसको जीवनमा पहिले शत्रु आए, अनि मित्र । अर्को शब्दमा भनौ भने पहिले राक्षसले भयभीत बनायो अनि राक्षससंग जोगाउन देवताको खोजी गरियो । कल्पना गर्नुहोस- प्राकृतिक विपदा नआएको भए यसबाट जोगिन यजुर्वेदका उपयुक्त मन्त्रको रचना हुन्थे ?हुन्नथे । कारण अहिले पनि हामी जति डराएका हुन्छौं, जति दुःखमा हुन्छौ, देवी-देवताको त्यतिनै अधिक पूजा गर्छौ । आदिमानव प्रकृति बाटै प्रेम गर्न सिके । वंशवृद्धि गर्ने सिख लिए । चरा चुरुगीबाट गीत गाउँन कला सिके । पेटभर्न मिहिनत गर्न सिके ।

पतझड देखेर निरास भएका आदिमानवहरु रुखमा नयाँ टुसा पलाउदा, रंगविरंगी पल्लव प्रष्फूटन हुंदा, रंगी-चङी फूलफूलेको देख्दा मख्ख पर्नु स्वाभाविक थियो । फेरि मौसम पनि गजवको । न जाडो न गर्मी, नवर्षा र न सुक्खा । वासन्ती हावा चल्दा हुरुकै हुने वेला उनीहरुले विशेष आयोजन थाले त्यो थियो- वसन्तउत्सव । ऋतुराज वसन्तको अगुवानीमा आयोजित मदनोत्सव । असलमा फागु ऋतुराज स्तुति अनुष्ठान हो । वाच्य तथा लेख्य परम्पराको विकास भए पछि मौसमको नामकरण गरियो । पर्व त्यौहारको नामकरण गरियो अनि फरक फरक पर्व त्यौहारका लागि फरक फरक विधि-विधान, खाद्य-विधान अनि फरक फरक आंगिक, वाचिक कृयाकलाप सहितको उत्सवहरुको थिति बसालियो ।

ऋतुराजको अगुवानीमा माघ शुक्ल पञ्चमी तिथि देखि फागु पूर्णिमा सम्म मनाइने उत्सवलाई फाल्गुणोत्सव, मदनोत्सव, वसन्तोत्सव, कामोत्सव, अर्नगोत्सव र मदनमहोत्सव पनि भनिन्छ । महादेव कमो कोप भाजन पश्च्छात् डरेर खरानी भएका कामदेव मदनको पुर्नजन्म वसन्तपञ्चमी कै दिन भएको धर्म ग्रन्थहरुमा वर्णित छ । मधु उत्सव, चैत्रोत्सव आदि यसका अन्य नामहरु हुन् । मदन कामको देवता मानिएकाले यस पर्वलाई मदन सित जोडेर वर्णन गर्ने चलन अधिक छ । संस्कृत साहित्यमा यसको यथेष्ट वर्णन छ । होली, दीपावली, जुडशीतल आदिपर्व त्यौहारहरु विशुद्ध कृषिउत्सवहरु छन् । प्रकृतिलाई स्वागत गर्न आयोजित उपक्रमहरु हुन् । कृषि युगबाट सुरु भएका यी पर्व-उत्सवहरुमाथि सांस्कृतिक अन्तर घुलन हुँदै आयो जो अचेल विभत्स रुपमा हाम्रो सामु उपस्थित छ । फागुमा गाइने फगुवा लोप हुदैछ । वर्ष भरिको रिस-राग बिर्सेर मित्रताको श्रृंखला पुनः सुरु गर्ने परम्परा हराउँदै छ । यसको स्थानमा जाँड, रक्सी र माछा मासु फागुको अनिवार्य तत्व मानिन थालिएको छ । यसै कारणले होला- जनकपुरधाममा परम्परादेखि हुदै आएको फागुलाई बिकृत गर्ने प्रयास हुदैछ ।

पहाडमा फागु पूर्णिमाको दिन फागु पर्व मनाउने चलन छ । मिथिलाञ्चलमा होलिका दहन (सम्मतदहन) को अर्को दिन फागु खेल्ने चलन छ भने मिथिलाको राजधानी जनकपुरधाममा अन्तःगृह परिक्रमाको अर्को दिनफगुवा खेल्ने परम्परा छ । यस वर्ष जनकपुरधाम बाहिरका अधिकांश गाउँ नगरमा सोमवार फागुवा हुंदै छ । जनकपुरमा भने सोमवार अन्तःगृह परिक्रमा घूमिने भएर परम्परा अनुसार मंगलवार फगुवा हुनु पर्ने हो । तर केही मनुवाहरुले मंगलवार माछा मासु खानु हुन्न । मार-काट गर्नु हुन्न भन्ने बहानामा बुधवार फागु खेल्ने कुरा गर्दै छन् । फगुवामा माछा मासुलाई अनिवार्य मान्ने परम्परा कहिले देखि सुरु भयो । यस्तो अवस्थामा मलाई डा.हरिवंश राय बच्चनको मधुशाला स्मरण आउँछ-

*"एक बरस में एक बार ही जलती होली की ज्वाला*
*एक बार ही लगती बाज़ी, जलती दीपों की माला*
*दुनियावालों, किन्तु, किसी दिन आ मदिरालय में देखो*
*दिन को होली, रात दिवाली, रोज़ मानती मधुशाला"*

अर्थात् जो संग छ र उनी मनाउँन चाहेका छन भने ३६५ दिन फागु मनाउँन सक्छन् ।



बुधवार देखि त्रिभुवन विश्वविद्यालय अन्तर्गतका छात्रहरुको एमबीएसको परीक्षा सुरु हुदैछ । बीएससीएस आइटीको परीक्षा पनि जारी छ । बिहीवारदेखि विद्यार्थीहरुका लागि फलामे ढोका मानिने एसईईको परीक्षा पनि हुदैछ । यी विद्यार्थीहरुको संख्या हजारौंमा छन् जो जनकपुरका विभिन्न परीक्षा केन्द्रहरुमा परीक्षा दिने छन् । जनकपुरवासी फगुवाको हुडदङमा मस्त रहेको वेला यी भाई-बहिनीहरुको मनोविज्ञान कस्तो होला? ५२ कुटी ७२ कुण्डाको यस सहरमा फागु पर्व कुन दिनमनाउने ? भनेर उर्दी जारी गर्ने सामर्थ्य तथा अधिकार कुनै मठ मन्दिरका महन्थ, स्थानीय प्रशासन, युवाक्लवहरु वा स्थानीय सरकारसंग छ कि छैन ?

जे जिय से खेले फागु । जे मरे से लेखालिय ॥ जे भए पनि फगुवाको हार्दिक शुभकामना ।

आमंत्रण

रौनियार सेवा समिति, जनकपुरधाम-४ द्वारा प्रत्येक वर्ष झै यस वर्ष पनि बडो हर्षोल्लासका साथ 'होली मिलन समारोह' तपसिल अनुसार मिति र स्थानमा सु-सम्पन्न हुन लागेकोले उक्त अवसरमा नगरवासी तथा नागरिक समाजहरुलाई गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

तपसिल
मिति :- २०८०/१२/११ गते आइतबार
भोज :- बेलुका ३ बजे देखि
स्थान :- रौनियार अतिथि सदन, जनकपुरधाम-४
फोन नं. ०४१- ५९०७३०, मो. ९७६२८००६३०

रामबाबु गुप्ता, महासचिव
रामप्रताप गुप्ता, अध्यक्ष

रौनियार सेवा समिति परिवार

बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई :

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाउन सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकालेप्रयोगगर्नेसामानमानामलेख्नेगरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८